क्रम संख्या–६०

# सोलूखुम्बू यात्राको डायरी


आचार्य

भिक्षु अमृतानन्द


Dhamma.Digital


आनन्दकुटी २० २५ विहारगुठी

बु० सं० २५३२

वि० सं० २०४५


रु. ५।–

Downloaded from http://dhamma.digital

क्रमसंख्या–६०

# सोलूखुम्बू यात्राको डायरी

आचार्य
भिक्षु अमृतानन्द

बु० सं० २५३२

वि० सं० २०४५

रु. ५।–

Downloaded from http://dhamma.digital

प्रकाशक :
आनन्दकुटी विहार गुठी
(सं.द.नं. १/०३१ प्र.जि.अ.का.का.)
आनन्दकुटी विहार, स्वयम्भू,
काठमाडौं, नेपाल ।
फोन: २२४४२०

(सर्वाधिकार सुरक्षित)

बुद्धाब्द : २५३२
वि. सं : २०४५
ने. सं : ११०९
ई. सं : १९८८

प्रथमावृत्ति - २०००

मुद्रक :
नेपाल प्रेस
शुक्रपथ, काठमाडौं ।
फोन : २२१०३२

Downloaded from http://dhamma.digital

# प्रकाशकीय

"सोलुखुम्बू यात्राको डायरी" आनन्दकुटी विहार गुठी-को ६० औं प्रकाशन हो। यस पुस्तकबाट हामीले सोलूखुम्बूमा शेर्पा जातीले बुद्धधर्मलाई कसरी अपनाइरहेको छन् र त्यहांको परिस्थिति के कस्तो छ भन्ने कुरालाई बुझ्न सक्तछौं।

काठमाडौंमा बसेका मानिसहरूले एकताका भन्ने गर्थे-"यो बुद्धधर्म भनेको नेवारहरूको धर्म हो।" तर सोलूखुम्बूका शेर्पाहरू आफू बाहेक अरूलाई "ए तपाईहरू पनि बुद्धधर्म मान्नु हुन्छ र ?" भनी अचम्म मान्छन्। उनीहरूको बिचारमा उनोहरू मात्रै बुद्धधर्म मान्दछन्। बुद्धधर्मको कारणले उनीहरू-को धर्म, कला, संस्कृति सुरक्षित रहेको कुरालाई यस पुस्तकले औंल्याउंछ। विशेष गरेर भन्ने हो भने यस पुस्तकका लेखक श्रद्धेय पूज्यपाद हाम्रा यस गुठीका संस्थापक भिक्षु अमृतानन्द महानायक महास्थविर सोलूखुम्बू भेगमा जानु बडो आश्चर्यको कुरा हो। किनभने वहाँ २।३ चोटि मुटुको बेथाले सिकिस्त भइ सक्नु भएको व्यक्ति हुनुहुन्छ। सिढी अलिकति चढ्यो कि स्प्रे लिनु पर्ने, दिनको आठ चक्की मध्ये कुनै एक चक्की बिर्सनु भयोभने छटपट हुने व्यक्ति, हिम्मत गरेर दुई हप्तासम्म सोलूखुम्बू जानु भै 'अखिल नेपाल भिक्षु महासंघ'को निर्णय र भगवान्

Downloaded from http://dhamma.digital

बुद्धको "चरथ भिक्खवे चारिकं बहुजन हिताय बहुजन सुखाय" चरितार्थ गर्नु भएको छ। हामीले पनि हिम्मत पायौं।

साथै हामीले सम्बन्धित पुस्तक छाप्ने मौका पायौं र तपाईंहरूलाई जानकारी दिलाउन पायौं। त्यसको लागि संस्थापक महास्थविर हाम्रा गौरव पात्र हुनु भएको छ। वहाँको सुस्वास्थ्य र दीर्घायुको कामना गर्दछु।

टेलीफोन २२४४२०
२१५०२०
०४५।७।१५


भिक्षु मैत्री
सदस्य सचिव
भा. कु. बि. गुठी
स्वयम्भू

Downloaded from http://dhamma.digital

# विषय सूची


| | पृष्ठ |
|---|---|
| २०४५ वैशाख ८ गते | २ |
| ” वैशाख ९ गते | ८ |
| ” वैशाख १० गते | १४ |
| ” वैशाख ११ गते | २० |
| ” वैशाख १२ गते | २१ |
| ” वैशाख १३ गते | २१ |
| ” वैशाख १४ गते | २४ |
| ” वैशाख १५ गते | ३० |
| ” वैशाख १६ गते | ३६ |
| ” वैशाख १७ गते | ३७ |
| ” वैशाख १८ गते | ४२ |
| ” वैशाख १९ गते | ४५ |
| ” वैशाख २० गते | ५२ |
| ” वैशाख २१ गते | ५६ |
| ” वैशाख २२ गते | ५९ |
| केही टिप्पणी | ६० |


Downloaded from http://dhamma.digital



लेखक

आचार्य भिक्षु अमृतानन्द

Downloaded from http://dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

# सोलुखुम्बू यात्राको डायरी

विश्वका धेरै मुलुकहरूको भ्रमण गर्ने सौभाग्य पाएता पनि आफ्नै नेपाल अधिराज्यका विभिन्न ठाउँहरूको भ्रमण गर्नुबाट वञ्चित भएको हुनाले धेरै वर्षदेखि नेपालको, खास गरी, पहाडी इलाकामा घुम्ने ठूलो मनसाय थियो । तर अभाग्यवश हृदय रोगको कारणले गर्दा पैदल यात्रामा समर्थ हुन सक्तिन । केही वर्ष यता देखि स्वास्थ्यमा केही सुधार भएको हुनाले पहाडी इलाकाको भ्रमण गरी आफ्नो मुलुकको वातावरण तथा दृश्य हेर्ने जुन अभिलाषा थियो त्यो यस पालिको वैशाख पूर्णिमाको उपलक्ष्यमा दुर्गम क्षेत्र मानिएको सोलुखुम्बूको भ्रमण गरी केही मात्रामा भए पनि पूरा भयो । साथै त्यहाँका बौद्धहरूसँग भेटघाट गर्न पाउँदा सारै खुशी पनि लाग्यो ।

हुन त डाक्टरहरूको सल्लाह अनुसार कसैले पनि जाने अनुमति न दिएता पनि सोलू जिल्लाको १५ दिने भ्रमण पूरा गरिनै हालें ।

Downloaded from http://dhamma.digital

यस भ्रमणको लागि सोलू जिल्लाकै थुप्तेन् लामा मार्ग दर्शक पाएकोले यात्रा सारै रमाइलो लागेको थियो ।

वि. सं. २०४५ वैशाख ८ गते काठमाडौंबाट हवाइ जहाजद्वारा फापलू पुगें । साथमा थुप्तेन लामा र वहाँको पुत्र ग्युर्मी लामा पनि थिए । वहाँले लामा भेष लिन भन्दा अगाडि नै छोरा पाएका रहेछन् ।

त्यसपछि फापलूको फुरीलामा रेष्टोरेन्टमा राख्न पर्ने सामानहरू राखी दिउँसो १२ बज्नु भन्दा अगाडि खानको निमित्त भातको पोको तयार पारी त्यहाँबाट पैदल यात्रा प्रारम्भ गर्‍यौं । फापलूबाट ओर्लिदै गइरहेको बेला एयरपोटको माथितिरको ठूलो घर देखाउँदै "यो भू. पू. मन्त्री आङ्ग दण्डी लामाको घर हो" भनी देखाउनु भयो । त्यस पछि तल पुग्दा बाटोको देब्रेपट्टिको ठूलो घर देखाउँदै "यो भू. पू. मन्त्री छिरिङ तेन्जिङ्ग लामाको घर हो" भनी देखाई त्यस पछि "ऊ त्यो श्री ५ सरकारको नर्सरी हो" भनी देखाउनु भयो । थुप्तेन् लामाले एक घण्टा लाग्छ भनेको बाटो मलाई घटिमा ३ देखि ४ घण्टासम्म लाग्थ्यो । एक छिन हिंडिसके पछि अर्थात् दश पन्ध्र मिनेट हिंडिसके पछि केही छिन उभिएर वा बसेर आराम लिन्थें । एउटा हातमा लौरो र अर्को हातमा छाता थियो । छातीमा असजिलो जस्तो लाग्नें बित्तिकै 'सोबिट्रेट' भन्ने औषधीको चक्का जिभ्रोमनि हाल्थें । यसले केही मिनेटमा

Downloaded from http://dhamma.digital

नै छातीको असुविधालाई हटाइ दिन्थ्यो । यस्तै किसिमले बिस्तार बिस्तारै हिंडेर बल्ल बल्ल साँझ ६ साँढे ६ बजेतिर नार्जिङ् भन्ने गाउँमा पुगें । मेरो साथी थुप्तेन् लामा भन्नुहुन्छ– वहाँहरूलाई फापलूबाट त्यहाँसम्मलाई २ घण्टा भन्दा बढी लाग्दैन ।

यसरी यात्रा गर्दा बाटाको बीच कहीं पनि एक दुइ जना बाहेक मानिसहरू भेटिएनन् । बाटामा कतै पनि कुनै घरहरू पनि देखिएनन् । ठाउँ साँच्चैकै दुर्गम नै रहेछ । तर पहाडको दृश्य भने निकै रमणीय लाग्यो । चरा चुरुङ्गीहरू पनि त्यति सारो कहीं देखिएनन् । एक दुइ ठाउँमा कौवाहरू दुइ चार वटा देखें । बाटाका दुबैतिर राता, पहेंला, सेता र नीला लाली गुराँसका फूलहरू ढकमक्क फुलिरहेका बोटहरूले भने हामीलाई जता ततै स्वागत गरिरहेको जस्तो लाग्यो । फूलमा भने उस्तो बास्ना थिएन । एउटै फूलको थुगाँमा गुलाफी, रातो, पहेंलो र सेतो रङ्ग पनि देखें । बाटाको बाँया पट्टि बगिरहेको खोलाले निकै आनन्द र शान्त्वना दिन्थ्यो । बाटाका बीचमा सल्ला छारीहरू भेटिन्थ्ये । कतै कतै वर परका पाखाहरू बाँझै थिए भने कतै कतै पातला रूखहरूलें सुशोभित देखिन्थे । खोला तर्नु पर्ने ठाउँमा गाउँपञ्चायतका स्थानीय शेर्पाहरूको आफ्नै पाराको राम्रो छाँटले र बलियो ढंगले बनाइराखेको काठे-पुलहरू पाएं । पुलको रूपरेखा हेर्दा भरखर भरखर मात्र तयार भएको जस्तो अनुभव हुन्थ्यो । दुइ हप्ताको यात्रामा नदी

Downloaded from http://dhamma.digital

नालाहरू तर्ने जुन सुकै ठाउँमा पनि नयाँ नयाँ काठेपुलहरू देखें।

नाजिग् भन्ने गाउँ पुग्नु भन्दा अघि वेणी खोलाको झोलुङ्गे पुलको वारिपट्टिको चहुरमा १।२ वर्ष अगाडि मात्र खोलेंको एक च्या पसल भेटियो। त्यस पसलको पछाडिपट्टिको पाखामा एउटा प्राइमरी स्कूल पनि रहेछ। बाटामा हामीले त्यही प्राइमरी स्कूलबाट फर्किरहेका एक दुइ जना बालक र बालिकाहरूलाई पनि भेटयौं। केटा केटीहरू घण्टौंको बाटो काटेर स्कूल आउँदा रहेछन्। बिहान घरमा खाएर आएका यी केटा-केटीहरू साँझ घर फर्किसकेपछि मात्र फेरि खाना खान पाउँदा रहेछन्। च्या पसलमा पस्ने बित्तिकै शेर्पाहरूको शिष्टाचार अनुसार हामीलाई घ्यू र नून मिसाई बनाइराखेको च्या, सफा र राम्रो कपमा राखी एक एक कप टेबलमा राखि-दियो। यस्तो च्यालाई 'सुचा' भन्दा रहेछन्। राखिदिएको च्या अलिकता पिउने बित्तिकै फेरि त्यसमा थपि पनि दिंदा रहेछन्। यो च्या चाहिं सित्तैमा ख्वाउने रहेछन्। लामाहरू वा शेर्पाहरू एक पटकमा यो च्या कमसे कम ३,४ पल्टसम्म पनि पिउँदा रहेछन्। "भो पुग्यो" नभनुञ्जेलसम्म थप्दै जाँदा रहेछन्। मलाई घ्यू र नूनले बेफाइदा गर्ने हुनाले शिष्टाचारको स्वागत गर्दै केवल एक कप मात्र पिएं। पछि हामीले कफीको अडर दियौं। एक गिलास च्याको २ रूपैयाँ, एक गिलास कफीको ४ रूपैयाँ र एउटा फुलको (आम्लेट) ५ रूपैयाँ लिंदा रहेछन्। मेरा साथी थुप्तेन् लामाले फुलको अडर दिनु भयो। म त १२

Downloaded from http://dhamma.digital

बजे पछि खाँदैन थिएँ। थेरवादी भिक्षुहरू १२ बजे पछि कुनै पनि खाने कुरा खाँदैनन्। कफी पान गरी एक छिन विश्राम गरिसकेपछि सोही पसलमा भेटेको एक पुरुषसँगै कुराकानी गर्दै गइरहेको बेला उसले हालका कृषि सहायक मन्त्री आंङछिरीङ लामा मेरै ज्वाइँ हो भनी भन्यो। वेणी नदीको झोलुंगे पुलबाट पारिपट्टि पुगी यता उती हेर्दा टाढा टाढा पहाडतिर ४।५ घर, ४।५ घरहरू छरिएर रहेका पनि देखें। यस बखत दिनको ३ बजिसकेको थियो। म सारै थाकि सकेको थिएँ। साथीसँग "अब कति जानु पर्दछ ?" भनी सोध्दा "ऊ त्यही डाँडाको कुनातिर हो" भनी औंलाले देखाए पछि "कति घण्टा लाग्छ त ?" भन्दा "आधा घण्टाको बाटो भन्दा बढी छैन" भनेको सुनी मैलें मनमनमा सोचन थालें ६।७ बजेतिर पुगिएला। तर त्यस भन्दा यता बास बस्ने ठाउँ कतै थिएन। जसरी भए पनि त्यही गाउँमा नपुगी सुखै थिएन। रूँचे मुख लिएर बल्ल बल्ल स्वाँस्वाँ गर्दै साँझको साँढे ६ बजेतिर नाजिग् गाउँमा पुगें। गाउँमा त पुगें। तर बास बस्ने घरसम्म पुग्नलाई अझ अलिकता उकालो चढ्न बाँकी नै थियो। न रूउँ न हासौं गरी अन्तमा बास बस्न (भू. पू. प्र. पं.) श्री ल्हाक्पा ग्याल्जेन शेर्पाको घरमा पुगें। यो चाहीं थुप्तेन लामाले चिनेको त्यस गाउँको एक धनी–मानीको घर रहेछ।

त्यहाँ नेपाली कागज पनि बनाउँदा रहेछन्। एक जात-को रूखको बोक्रा कुटी धूलो पारी त्यसलाई पानीमा राख्दा

Downloaded from http://dhamma.digital

पग्लिदो रहेछ । यो बोक्रा विषैलो हुँदो रहेछ । त्यसैले नेपाली कागज कीराले खाँदो रहेनछ । ठूला-ठूला अर्थात् अन्दाजि एक डेढ हात चौडाइ र दुइ तीन हात लामो मसीनो चालनी पानीमा डुबाएर झिकी त्यसलाई सूर्यको तापमा सुकाउँदा चालनीमा रहेको कागजको रूपमा उप्केर आउँदो रहेछ । जम्मै काम हातैले गरिदो रहेछ । सोलुखुम्बू जिल्लामा जुनसुकै घरमा पनि पोलिथिन पाइपद्वारा आ-आफ्नो घरमा पानी ल्याइराखेको देखेर सारै खुशी लाग्यो ।

शेर्पाहरूको घर भित्रको सर सफाइ देखेर म बडो छक्क परें । तिनीहरूको भान्छा कोठाको चारैतिरको तखतामा सजाइ राखे जस्तै गरी राखिएका टल्किएका धातुका भाँडा कुँडाहरू, र उच्चस्तरीय चाइनिज कपहरू सफा गरी सजाइ राखेको देख्दा बडो रमाइलो लाग्यो । भान्छा कोठाको मध्य भागमा रहेको चूलोमा जहिले पनि आगो बलिरहेको र त्यसमा चयाको ठूलो कलश जस्तो भाँडो बसालिराखेको देखें । शेर्पाहरू जहिले पनि नून चया पिउँछन् । यस दुर्गम क्षेत्रको सोलुखुम्बू जिल्लाको भ्रमणको बेला जहाँ जहाँ बास बसें त्यहाँ त्यहाँ टाढा टाढाबाट पोलिथिन् पाइप राखी आ-आफ्नो घरमा पानी ल्याइराखेको देख्दा सारै खुशी लाग्यो । प्रत्येक शेर्पाको घर बाहिर काठबाट निर्मित चर्पी पनि पाइन्छ । फलेकमा प्वाल पारी मल तल खस्ने गरी अग्लो गरी चर्पी बनाइएको हुँदो रहेछ । दिसा गरिसके पछि त्यस माथि स्याउला राखिदोरहेछ ।

Downloaded from http://dhamma.digital

स्याउला मिसिएको दिसा पछि मलको काम लिंदा रहेछन् । त्यसैले चर्पीमा न त फोहर छ न त दुर्गन्ध नै आउँछ ।

यस पहाडी इलाकावासी शेर्पाहरूको मुख्य खाना आलु र जौ वा गहुँको सत्तु रहेछ । सत्तुलाई उनीहरू 'चंपा' भन्दछन् । घ्यू र नून मिलाई बनाइराखेको च्यामा सत्तु भिजाई खान्छन् । भात पनि कसै कसैले न खाने होइनन् । आलु, गहुँ वा जौं, रायोको साग, स्याउ र लसुन यहाँको उप्जनी हो । कुखुरा पालन कमै देखें । गाईको गोठ छ । अलि अलि बाख्रा पनि पाल्दा रहेछन् । घर चाहिं प्राय ढुङ्गाका देखिए । छाना काठ-को फलेंको रहेछ । दुइ हात जति लम्बाइ र एक बित्ता जति चौडाइ र एक डेढ इञ्च बाक्लो भएको फलेकको छानामा किला ठोकिअड्याएको हुंदो रहेछ र किला न ठोकेकाहरूले भने ठूला ठूला ढुङ्गाहरूले थिचिराखेका हुंदा रहेछन् । पहिला एकसरो फलेक बछ्याई त्यसको जोर्नी जोर्नीको माथि अर्को फलेक राखिएको हुंदो रहेछ । घरमा एक दुइ वटा स्याना स्याना झ्यालहरू पनि हुंदा रहेछन् । शेर्पा जातिहरूले कहिल्यै पनि पशुको हत्या गरेर मासु खाँदा रहेनछन् । कहीं कतै भीरबाट लडेर मरेका भेडा, बाख्रा चौरी आदि प्राणीको मासु भने खाँदा रहेछन् । उनीहरू सुत्ने कोठामा होचो खालको खाट र त्यसको अगाडि होचो खालको कम चौडाइ भएका लामा लामा टेबल-हरू पनि राखिएको देखें । शेर्पा जातिहरू सबै बुद्धमार्गी भएका हुनाले उनीहरूको घरमा पूजा कोठी पनि अलग्ग सजाइ

Downloaded from http://dhamma.digital

राखेको पाइन्छ । त्यस कोठामा भगवान् बुद्धको मूर्ति वा तस्बीर, अवलोकितेश्वर, पद्मसम्भव तथा दलाइ लामा आदि धर्मगुरुहरूको तस्बीर राखेका हुन्छन् । यसको अगाडि सात वटा कचौरामा पानी राखेको हुन्छ । देवा र धूप पनि बिहान साँझ बाल्छन् । यस बाहेक प्रत्येक शेर्पाको घरमा राजा र रानीको तस्बीरमा खाता चढाइ राखेको पनि देखें । 'खाता' भनेको शेर्पा संस्कृति अनुसार एक गलबन्दी जस्तो सेतो कपडाको टुक्रा हो । फूल माला चढाउँने झैं उनीहरू मान्य जनलाई 'खाता' चढाउँछन् । बछ्यान र ओढ्ने सिरकका खोलहरू सफा सुग्घर छन् । सबै शेर्पाहरूको घरको आगनमा न भए पनि धेरै जसोको आगनमा जतिसक्यो उति अग्लो काठको खम्बा गाडी त्यसको टुप्पोमा रंगिन झल्लर भएको छत्र राखिएको हुनाले टाढैबाट आकर्षक देखिन्छ ।

भोलिपल्ट अर्थात् वैशाख ९ गते बिहान जलपान सिद्धिए पछि करीब ८ बजेतिर त्यहाँबाट फेरि बाटो लाग्यौं । नाजिंग् गाउँमा केही नेवार परिवारहरू पनि रहेछन् । उनीहरू राजभण्डारी रहेछन् र त्यहाँ बसेको ४।५ पुस्ता बितिसकेको रहेछ । नेवारी पटक्कै बुझ्दारहेनछन् । बाटो लागि गइरहेको बेलामा एक घरकी महिलाले फलेकको स्यानो प्वालबाट मलाई देखी घरबाट बाहिर आई आदरपूर्वक खाता चढाई हात जोरी ढोग्न आई । शेर्पाहरूको शिष्टाचार अनुसार ढोग्न आउनेको टाउकोमा हात राखिदिनु पर्ने रहेछ । अनि उनीहरू

Downloaded from http://dhamma.digital

सन्तोष हुँदा रहेछन् । तर थेरबादी भिक्षुहरूको यस्तो चलन छैन । यस भन्दा अगाडि पनि बाटामा आउनेहरूले हात जोरी मलाई ढोग्न आएका थिए । च्या पसलमा पनि यस्तै गरेका थिए ।

आजको दिवा भोजनको लागि जुनबेशी भन्ने ठाउँमा पुग्नु पर्ने रहेछ । नार्जिग्बाट जुनबेशी पुग्न १ घण्टा लाग्दो रहेछ । त्यसको मतलब मेरो लागि घटीमा ३।४ घण्टाको बाटो भयो । जुनबेशी एक ठिकैको गाउँ रहेछ । जिरीबाट पैदल आउने विदेशी यात्रीहरूले यही गाउँ भएर नै सोलुखुम्बूको नाम्चे बजार जानु पर्ने रहेछ । जुनबेशीको ठाउँ ठाउँमा कतिपय लोज, रेष्टोरेण्टहरू पनि रहेछन् । ठाउँ ठाउँमा अंग्रेजीमा साइनबोट पनि लगाइराखेको देखें । सल्लेरी भन्ने ठाउँमा जुनबेशी भएर आउँदा रहेछन् । काठमाडौंबाट जिरी-सम्म बस चल्दछ । सोलुखुम्बूको सदरमुकाम सल्लेरीको लागि माल सामान पनि जुनबेशी भएर नै भरियाहरूले ल्याउँदा रहेछन् र मुख्य बाटो पनि यही नै रहेछ । यस्तै गरी नाम्चे बजार जाने बाटो पनि यही रहेछ । त्यसैले जुनबेशीले अलि अलि चहल पहल ल्याएको देखियो । पछि हामी टाक्सिन्दु नाउँको गुम्बामा जाँदा ठाउँ ठाउँमा केही विदेशी पदयात्रीहरू र धेरै भरियाहरू भेटेका थियौं । जिरीबाट सल्लेरी सम्मको लागि भरियाहरूले धार्नीको १५।१६ रूपैयाँ लिंदा रहेछन् । "कति धार्नीसम्म बोक्न सक्छौ त ?" भनी सोध्दा "बढी से बढी २०

Downloaded from http://dhamma.digital

देखि २५ धार्नी बोक्न सक्छौं'' भन्ने जवाफ दिए।

जुनबेशी पुग्नु भन्दा अगाडि काठमाडौं उपत्यकाको बौद्ध-नाथ चैत्यको जस्तो आकारमा बनाइ राखेको ठूलो स्तूप टाढैबाट देखें। ठूला ठूला घरहरू पनि थुप्रै देखें। दुइतले तीन तले घर-हरू पनि देखें। अग्ला अग्ला सल्लाका गोलो खम्बाहरूका टुप्पामा फर फराइ रहेका रंगीन बौद्ध छत्रहरू पनि जुन बेशी बजारको यत्र तत्र देखें। गाउँको छेउँमै ठूलो खोला रहेछ। त्यहाँ पनि नयाँ ढंगले काठे पुल बनाइएको रहेछ। यो नयाँ पुल बनाउनु भन्दा अघि मानिसहरू तर्नको निमित्त राखिएको एउटा ठूलो काठको सत्तरी अझैसम्म त्यही राखि राखेको रहेछ। जुनबेशी गाउँको दृश्य टाढैबाट हेर्दा मनमा बडो आनन्द लाग्यो। अनि काठे पुल तरे पछि जुनबेशी बजारमा पुग्यौं। पोलिथिन पाइपद्वारा ल्याइराखेको धाराहरू जता ततै देखें। मेरो साथी मार्गदेशक थुप्तेन लामाज्यूले जुनबेशी माध्यमिक विद्यालयका प्रधानाध्यापक श्री काजी शेर्पाको घर तथा लोजमा दिवा भोजन तयार पारि राख्न आफ्नो छोरालाई अगाडि नै पठाइ सक्नु भएको थियो। अतः गाउँको छेउमा रहेको बौद्धनाथको चैत्यको आकारको ठूलो चैत्य घुमी उकालो चढ्दै श्री काजी शेर्पाको घरमा पुग्यौं। घरको आँगनमा जडान गरिराखेको पोलिथिन पाइपको धारामा हात खुट्टा र मुख धोई सीधा भान्सा घरमा पस्यौं। सर्व प्रथम शेर्पाहरूको शिष्टाचार अनुसार च्या एक कप त पिउनै पर्थ्यो। १२ बजेतिर दिवा भोजन गरी माथिल्लो

Downloaded from http://dhamma.digital

तलाको कोठामा आराम लिएं । यो कोठा श्री काजी शेर्पाको पूजा कोठी पनि रहेछ । शेर्पा जातिहरू पूजा कोठीमा भरसक लामाहरूलाई बाहेक अरूलाई बास दिदा रहेनछन् । यहां त विदेशी पदयात्रीहरूको सुविधाको निमित्त भरखरै बनाइ राखेंको आधुनिक ढंगको शौचालय पनि यही तलामा थियो । खोल सहितका डन्लपका बछ्यानहरू बिच्छ्याइएका थिए । सुग्घर सफाइको बारेमा त भन्नै पर्दैन ।

साथी थुप्तेनज्यूको कार्यक्रमानुसार त्यस दिन जुनबेशी माध्यमिक विद्यालयमा प्रवचनको कार्यक्रम राखिएको रहेछ । त्यसैले दिनको २ बजेतिर माध्यमिक विद्यालयमा गई प्रवचन दिएं । अभाग्यवश त्यस बखत यस्तो बिध्न पानी पऱ्यो कि त्यत्रो सभा कक्षमा भेला भएका छात्र छात्रा शिक्षक वर्ग तथा बजारका गन्यमान्य र लामाहरूलाई कर्कट पाताको छानाको कारणले गर्दा मेरो आवाज सुनाउन मलाई निकै गहारो परेको थियो । मैले आफ्नो प्रवचनको शुरुवात प्रश्नोत्तर ढंगले विशेष गरी बुद्धजीवनी सम्बन्धी कुराबाट भएको थियो । डेढ घण्टाको भाषण पछि छात्र छात्राहरुद्वारा जिज्ञासा पूर्ण अनेकौं प्रश्नहरू सोधिएका थिए । एउटा प्रश्नको उत्तर मैले राम्ररी दिन सकिन । त्यो थियो "यहाँ हाम्रा लामाहरू अवतारी भनी भन्दछन्, यसको मतलब के हो, कस्तालाई अवतारी भन्दछन् र किन अवतारी भनिएको हो ?"

"भाइ बहिनी हो ! यो अवतारी भन्ने चलन तिब्बतबाट

Downloaded from http://dhamma.digital

आएको संस्कृति हो। कसरी वा कस्तालाई अवतारी भन्दछन् भन्ने विषयमा मलाई त्यति सारो ज्ञान छैन। आफूलाई ज्ञान न भएको कुरा भनेर तपाईंहरूको आँखामा छारो हाल्न चाहन्न। शब्दको अर्थतिर ध्यान दिने हो भने यसको अर्थ अघि फलाना थियो भन्ने हो।"

अर्को एउटा प्रश्न थियो– "पञ्चायत व्यवस्थामा जातिभेद छैन। तर तपाईं बौद्धहरूको बीचमा जातिभेद किन भएको ?"

"भाइ बहिनी हो ! तिमीहरूले राम्ररी कुरा बुझेनौ। जातिभेदको खण्डन त सर्व प्रथम हाम्रै लुम्बिनी वनमा जन्मिनु भएका गौतम बुद्धले गर्नु भएको थियो। अतः बुद्ध धर्ममा जातिवाद र जातिभेद कतै पनि छैन।"

"त्यसो भए हाम्रा यहाँका ठूल–ठूला लामाले किन हाम्रो निम्तो स्वीकार नगरेका त ?"

"निम्तो स्वीकार्ने र नस्वीकार्ने भनेको आ–आपनो इच्छाको कुरा हो। तर तपाईंहरूका यहाँका लामाहरूले तपाईंहरूको निम्तो किन स्वीकार गरेनन् भन्ने कुरा मैले कसरी थाहा पाऊँ ? अतः यो प्रश्न त तपाईंको निम्तो नस्वीकार्ने लामासँगै सोध्नु बेश हुनेछ।"

Downloaded from http://dhamma.digital

अनि सबै हल्ल हाँसे। त्यस सभामा उपस्थित छात्र छात्राहरूको कुरा सुन्दा उनीहरूमा बुद्ध धर्म सम्बन्धी बढी ज्ञान हासिल गर्ने जिज्ञासा भएको देख्दा म निकै प्रभावित भएँ। अन्तिम प्रश्न एउटा छ भनी सोध्दै "बुद्ध धर्म हिन्दू धर्मको शाखा हो भनी आजकल कसै कसैले भन्दछन्। के यो कुरा सत्य हो?"

"भन्नेले जेसुकै भने तापनि त्यो कुरा सत्य होइन। बौद्धहरू त्यो कुरालाई कहिल्यै स्वीकार पनि गर्दैनन्। बुद्ध धर्म बुद्धको आफ्नै उपज हो। कसैसँग सापटी लिएको धर्म होइन।"

वर्षादको कारणले गर्दा र समयको प्रभावले गर्दा प्रधानाध्यापकले प्रश्नोत्तरको कार्य टुंग्याउनु भई सभा विसर्जन गर्नु भयो। एक दुइ वटा प्रश्नको उत्तर बाहेक बुद्ध सम्बन्धी मैले सोधेका सबै प्रश्नहरूको उत्तर जुनबेशी माध्यमिक विद्यालयका छात्र छात्राहरूबाट पाएको देखेर मलाई सारै खुशी लाग्यो। शेर्पा जातिहरू सबै बुद्धमार्गी हुन्। अन्तमा सो विद्यालयको पुस्तकालयको निमित्त मैले लेखेको "संक्षिप्त बुद्ध जीवनी" १० प्रति प्रधानाध्यापकलाई प्रदान गरें र यस्तो दुर्गम क्षेत्रमा अर्को जिल्लाबाट आइकन यसरी विद्यादानको क्षेत्रमा समर्पित भई बस्नु देशको चौतर्फी विकासको निमित्त ठूलो टेवा दिएको भन्ने सम्झनु पर्छ। यस्तै प्रकारको सेवा र

Downloaded from http://dhamma.digital

तपस्याबाट नै हाम्रा प्यारा श्री ५ महाराजाधिराज सरकारको "मेरो जनता अशिक्षित् हुन नपाउन्" भन्ने महान् सदिच्छा साकार हुनेछ। यस कार्य क्षेत्रमा संलग्न हुनु भएका तपाईं शिक्षक वर्गले देशको ठूलो सेवा गरिरहनु भएको छ भनी सबैलाई धन्यवाद दिएँ।

जुनबेंशीमा हाइस्कूल, मिडिल स्कूल र प्राइमरी स्कूल पनि रहेछन्। त्यस विद्यालयका प्रधानाध्यापक त त्यहाँ १२।१३ वर्षदेखि सेवा गरिरहनु भएको रहेछ।

डेरामा फर्किसकेपछि फेरि त्यहाँका लामाहरू र शहरका केही गन्यमान्य सज्जनहरूसँग कुशल क्षेमको कुराको शिल-सिलामा त्यहाँका शेर्पा बौद्धहरूको परिस्थितिको बारे केही जानकारी हासिल गर्ने मौका पाएकोमा बडो खुशी लाग्यो।

आज वैशाख १० गते। बिहानको जलपान सिद्धिएपछि मेरो निमित्त खानाको पोको तयार भएपछि श्री काजी शेर्पाको न्यानो स्वागतलाई धन्यवाद दिंदै एक भिक्षुको कर्तव्य अनुसार केही सूत्र पाठ गरी वहाँसँग विदा लिई हामी आफ्नो बाटो लाग्यौं। थुप्तेन लामाज्यूको कार्य क्रमानुसार त्यस दिनको बास वहाँकै गाउँ "फुग्मुचे" भन्ने ठाउँमा पर्दो रहेछ। विस्तार विस्तार गर्दै उँभोतिर लागेर गयौं। बजारको बीचमा भरखरै तयार भएको एउटा तीन तले घरका मालिक जसको

Downloaded from http://dhamma.digital

विवाह हुने मंगलको दिन पनि आएको रहेछ– वहाँको नयाँ घरमा जान साँरै आग्रह गरेपछि हामी सबै त्यस घरमा गयौं । शेर्पा जातिहरूको आतिथ्य सत्कार स्वागतको बारेमा फेरि यहाँ उल्लेख गरिरहनु पर्दैन माथि नै उल्लेख गरिनै सकेको छु ।

शिष्टाचार अनुसार नुनिलो च्या पिइसकेपछि सो नयाँ घरको मंगल कामना गर्दै केही सूत्र पाठ गरी हामी त्यहाँबाट निस्कयौं । त्यो भन्दा माथितिर हामीलाई पर्खिरहेका परिवार भएका टासी थोंग्मेन् गुम्बाको हालको प्रमुख लामा तेन्जिग्ले हामीलाई वहाँको घरमा लानु भयो । त्यहाँ पनि उही प्रकारले च्यापानद्वारा स्वागत गरियो । मैले चाहिं कफी एक कप पिएँ । त्यहाँबाट वहाँले वहाँको उक्त गुम्बा देखाउन लैजानु भयो । सो गुम्बा बि. सं. १६९२ सालमा दोर्जे जिग्टाले र उनका छोरा दुइ जना मिलेर बनाएका रहेछन् । गुम्बाको आँगनको बीचमा अग्लो काठको खम्बा माथि रंगीन बौद्ध छत्र राखेको रहेछ । अनि आँगनको तीनतिर लामा लामा बार्दली भएका घरहरू रहेछन् । त्यसैसँग जोडिएको गुम्बाको मुख्य बिहार रहेछ । गुम्बा भित्र ठूलो अवलोकितेश्वर, अमिताभ र पद्मसम्भवका मूर्तिहरू रहेछन् । मूर्तिहरूको अगाडि दियो बालि राखेको थियो । अलि अँध्यारो थियो । त्यसैले ठूलो टर्चलाइट बाली भित्तामा चित्रित बुद्धजीवनी र तिब्बतका ऐतिहासिक धर्मगुरुको भरिभराउ चित्रहरू हेरें । बुद्धहरूको मूर्तिको ठीक

Downloaded from http://dhamma.digital

दाहिने पट्टि तिब्बतमा प्रचलित सोह्र जना अरहन्तहरूको चित्र थियो। माथिल्लो तलामा काग्युर र तन्ग्युर ग्रन्थहरूले भरिभराउ थियो। त्यहाँ पनि भित्तामा धेरै चित्रहरू लेखि राखेका थिए। हालसाल गुम्बामा बस्ने कुनै लामाहरू रहेनछन्। पूजा पाठ र गुम्बाको हेरचाह गर्ने एक जना मानिस बस्दो रहेछ। गुम्बाको मुख्य समस्या जीर्णोद्धार गरी रक्षा गरी राख्नु नै रहेछ। त्यस गुम्बामा विदेशी यात्रीहरू पनि हेर्न आउँदा रहेछन्।

गुम्बाबाट विदा लिएर हामी आफ्नो बाटो लाग्यौं। अलिकता माथि पुग्दा बाटोको बीचमा बनाइ राखेको बौद्ध स्तुप आकारको एक ठूलो चैत्य भेटियो। चैत्यको देब्रे पट्टि अलि अग्लो ठाउँको एक चौरमा श्री ५ को सरकारको हेल्थ पोस्टको साइनबोट देखें। त्यहाँ सेवारत केही कर्मचारीहरू पनि भेटें। १६ जनाको दरबन्दी रहेता पनि हाल त्यहाँ स्त्री पुरुष गरी १०।१२ जना मात्र रहेछन्। त्यस मध्ये कुनै त तराईतिरका पनि रहेछन्। कुनै कुनै त्यहाँ बसेको ८।१० वर्ष पनि भइसकेको रहेछ। कर्मचारीहरू बस्ने घर पनि उहीं नै रहेछ।

"यस्तो दुर्गम क्षेत्रको सुनसान ठाउँमा बस्दा तपाईंहरूलाई गहारो लाग्दैन त?" भनी सोध्दा "शुरू शुरूमा त अलि गहारो जस्तो लागेको थियो। कस्तो कस्तो लागेको थियो। तर अहिले त वर्षौं बसिसकेकाले बानि बसिसकेको हुँदा रमाइलो नै लाग्छ" भन्ने जवाफ पाएँ।

Downloaded from http://dhamma.digital

"यस्तो दुर्गम क्षेत्रमा बसी रोगीहरूको उपचार गरी सेवा गर्नु स्यानो काम होइन। यो त ठूलो मानवधर्म हो। ठूलो सेवाधर्म हो। सेवा र उपचार गर्नु नै ठूलो धर्म हो। तपाइँहरूको यो त्याग तपस्याबाट हाम्रा प्यारा राजा श्री ५ महाराजाधिराज सरकारको "मुलुकका तमाम मानिसहरू सदा स्वस्थ रहुन्" भन्ने सदिच्छालाई साकार पार्न टेवा मिलेको छ। धर्मको भाषाले भन्ने हो भने तपाइँहरूले ठूलो पुण्य कमाउनु भएको छ। तपाइँहरू धन्यवादका पात्र बन्नु भएको छ। अतः यस्तो काममा जीवन अर्पित गर्नु नै मानव कल्याणको ठूलो तपस्या हो" भनी मसँग भएका बुद्धजीवनी सम्बन्धी पुस्तकहरू प्रदान गरी बाटो लागें।

अलिकता माथि पुगेंपछि तिब्बेती, रंजना र नेवारी लिपिमा "ओंम् मणिद्पमे हुँ" भन्ने मंत्र कुँदेका शिलापत्रहरू चारैतिर टाँसिएको परखाल एउटा बाटोको बीचमा भेटियो। बटुवाहरू त्यसलाई दाँया पारी हिंड्दा रहेछन्। यस्तो मंत्र कुँदेर राखेका परखालहरू बाटाका ठाउँ ठाउँमा धेरै भेटिएका थिए। बाह्र बज्नें बेला हुन लागेंपछि खोलाको तीरमा बसेर मैले आपनो भोजन गरें। त्यसपछि नयाँ काठेपुल पार गरी उकालो चढ्दै ठाउँ ठाउँमा "स्वाँ स्वाँ, र सुइय्य सुइय्य" गरी सुस्केरी हाल्दै हिंड्दै गएँ। करीब दिनको २।३ बजे पछि साथी थुप्तेन लामासँग "अब कति हिंड्नु पर्दछ?" भनी सोध्दा वहाँले हात लम्क्याई "ऊ! त्यो धेरै घरहरू देखिने तिब्बेती

Downloaded from http://dhamma.digital

शरणार्थीहरू बस्ने डाँडाको पल्लो डाँडा हो। १ घण्टा भन्दा बढता छैन" भनी भन्नु भयो। वहाँले अघि नै आफ्ना छोरा मार्फत घरका जहानहरूलाई खबर पठाइसक्नु भएको थियो। वहाँको उत्तर सुनेर मैले मन मनमा सोचें "त्यसो भए ६।७ बजेतिर पुग्न सकिएला।"

बाटो उकालै उकालो थियो। हिमालको चिसो बतासले अलि अलि जाडो हुन थाल्यो। अनि स्वीटर लगाई पछ्यौरा ओढें। थुप्तेन लामाको भनाइ अनुसार "फुँग्मुचे गाउँभन्दा उतातिर अर्को कुनै बस्ती छैन। त्यही मेरो गाउँ हो।" सो गाउँ करीब २९९५ मि. को उचाइमा अवस्थित रहेछ। वहाँको घर देख्न भन्दा अगाडि यता उता एक दुइ घरहरू देखें। वहाँको घर देखिएपछि वहाँले "ऊ! त्यही हाम्रो घर हो" भनी हात पसारेर देखाउनु भयो। वहाँको घर भन्दा अझ माथितिर एक गुम्बाको दृश्य पनि मैले देखें। वहाँको घर र माथिको गुम्बा बाहेक त्यस डाँडामा अरू कुनै पनि घर देखिन। हामीहरू बाटामा आइरहेको देखेर वहाँकी बुहारीले ६।७ वर्षकी एउटी छोरीको हातमा थर्मस भरी कफी राखी पठाएकी स्यानी केटी-ले हामीलाई भेट्टाउन आई। त्यस बखतमा सो थर्मसको तातो कफी, कफी मात्रै नभई प्राणेश्वर औषधी जस्तो भयो। त्यहीं बसी दुइ तीन कप कफी पिएँ। बालिका फर्केर गई। मैले थुप्तेन ज्यूलाई भनें "तपाइँ पनि अगाडि जाँदै गर्नुहोस्। म बिस्तार बिस्तारै आउँदै गर्छु।"

Downloaded from http://dhamma.digital

बाटो उकालै उकालो थियो । थाकेको बेलामा झन् झन् उकालो चढ्नु पर्ने भयो । खुट्टा उचाल्नै मुस्किल परेको थियो । शारीरिक बल न भए पनि मनोबलको प्रभावले मात्रै बल्ल तल्ल खुट्टा उचाल्दै मैलें सोचेको जस्तै साँढे ६ बजेतिर वहाँको घरको आँगनमा पुगें । पुग्ना साथ ठीक पारिराखेको वछ्यानमा एक पल्ट पल्टङ्ग पल्टें । एकछिन पछि बिस्तारै उठेर तातो पानीले मुख-सुख धोएर एक ग्लास कफी पिएँ । त्यसपछि मात्र केही कुराकानी गर्ने साहस आयो । एकछिन पछि वहाँकी बुहारी आई मलाई खतकले छोपेको थाल भरी गहुँ र केही पैसा राखिएको थाल दिई । थुप्तेन ज्यूले भन्नु भयो "हाम्रो शेर्पा दस्तुर अनुसार मान्य अतिथीलाई स्वागत गर्ने ढंग यही हो ।" वहाँका परिवारहरूका तीन वटा घरहरू रहेछन् । एउटा घरमा बुद्ध आदि धर्म-गुरुहरूका मूर्तिहरू र भित्ते चित्रहरू थिए । यो वहाँहरूको पूजा पाठ गर्ने ठाउँ रहेछ । पुरानो घरमा सबै परिवारहरू बस्दा रहेछन् । नयाँ घरमा हामी बस्यौं । नयाँ घरका झ्यालहरूमा ऐना हालेको थियो । अरूलाई भए थकाइ-लाग्दा मज्जासँग नीद आउँथ्यो होला– तर मलाई भने ठीक त्यसको विपरीत हुन्छ । त्यसैले जहाँ पनि मैले "कम्पोज" औषधी खाएर मात्र सुत्थें । आज त चाँडै सुत्ने मन गरी २ चक्की "कम्पोज" खाएं । जतिसुकै नीद आए पनि मध्य राततिर एक दुइ चोटि पिसाब गर्नको लागि न उठिकन मलाई हुँदै-नथ्यो । 'म ले दिनहुं खाने औषधीको कारणले यसो भएको हो ।

Downloaded from http://dhamma.digital

अतः जहाँ बास बसे पनि सबभन्दा पहिले शौचालय कहाँनिर रहेछ भनी थाहा पाइ राख्थें। त्यस दिन त मैले साथीलाई भनें "आज त म तपाइँलाई पर्खि रहने छैन। तपाइँ खानपान गरी सुत्नु होस्। म त अहिले नै सुत्न चाहन्छु" भनी पल्टि नै हालें। वहाँहरू कोठाबाट बाहिर जानु भएपछि मलम झिकेर दाहिने घुँडामा घस्न थालें। मेरो दाहिने घुँडा जहिले पनि दुख्छ र बलियो छैन। टुक्रुक्क बस्न सक्दिन। जहिले पनि राती कोही न भएको बेलामा घुँडामा मलम घस्दथें। राती १ बजेतिर उठ्नु परेको थियो। राती उठेर म बाहिर जान लाग्दा थुप्तेनजी जहिले पनि साथी आउनु हुन्थ्यो। त्यस रातमा कसैलाई बाधा नपरोस् भन्ने विचारले बिस्तारै उठेर गएको शायद वहाँले पनि चाल पाउनु भएन होला।

भोलिपल्ट अर्थात् वैशाख ११ गते बिहानको जलपान-पछि करीब ९ बजेतिर बिस्तार बिस्तारै उकालो चढी फुंग्मुचे गुम्बामा गएँ। यो गुम्बा एउटा अति ठूलो ढुंगा माथि निर्मित भएको रहेछ। थुप्तेन लामाको घरबाट त्यहाँ पुग्न केवल ८।१० मिनेट जति लाग्दो रहेछ। तर मलाई भने आधा घण्टा जति लाग्यो होला। यहाँ पनि पोलिथिनबाट ल्याइराखेको धारा थियो। गुम्बामा ङावाङ् जिम्बा लामा एक जना, वहाँका भाइ बुहारी र उनीहरूका केही केटा केटीहरू बस्दा रहेछन्। दिवा भोजन पछि ङावाङ् जिम्बा लामासँग अनेक विषयमा कुशल वार्ता गरी दिन बिताई रात पनि त्यहीं बिताएं। यो

Downloaded from http://dhamma.digital

गुम्बा चाहिं केही सय वर्ष अघि बनाइएको रहेछ ।

आज वैशाख १२ गते । बिहानको जलपान सिद्धिएपछि फुंग्मुचे गुम्बाका लामासँग बिदा लिई हामीहरू त्यहाँबाट ओर्लियौं र अघि आएको बाटो न फर्की अर्कै बाटोबाट फर्क्यौं । बाटाको बीचमा पाङ्कर्म भन्ने घरको आँगनमा काम गरिरहेकी एउटी आइमाईले देखेर हामीलाई घरमा लगेर चिया पियाई । त्यस घरमा पनि राम्ररी सजाई राखेको पूजाकोठी थियो । त्यहाँबाट आई जुनबेसी पुगी थुप्तेन लामाको दाजुको घरमा बास बस्यौं । मलाई पूजा कोठामा राखे । अरूहरू भान्सा कोठामा बसे ।

भोलिपल्ट अर्थात् वैशाख १३ गते जलपान पछि खानाको पोको तयार भएपछि हामी जुनबेसीको उही खोला पार गरी देब्रेपट्टिको बाटो लागी उकालो चढ्दै नाम्चे बजारतिर जाने बाटो लाग्यौं । आज "सालुंग" भन्ने गाउँमा बास बस्न पुग्नु पर्ने रहेछ ।

जुनबेसी छाडी उकालो चढदै गइरहेको बेलामा बाटामा जुनबेसीमा पढन जाने छात्र–छात्राहरू ठाउँ ठाउँमा भेटिए । त्यसै गरी भारी बोकी आउने मानिसहरूले पनि धेरै ठाउँमा हामीलाई उछिनी गएका भरियाहरू पनि ठाउँ ठाउँमा भेटिए । कहीं कहीं नाम्चे बजारबाट फर्किरहेका विदेशी पदयात्रीहरू

Downloaded from http://dhamma.digital

पनि भेटिए। भेटिएका केहीसँग कुराकानी गर्दा थाहा भयो कि उनीहरू मध्ये धेरै जसो स्वीजरलैण्डका थिए भने केही इटालीका, फ्रान्सका, बेलायतका, स्पेनका तथा सिंगापुरका पनि थिए।

मध्यान्ह समय हुन लागेपछि एक ठाउँमा बसी मैले आफ्नो दिवा भोजन गरें। त्यहाँबाट अलिकता माथि पुगेपछि बाटोको छेउमा एक घर भेटियो। त्यहींनिर फलैंचा देखेर केही बेर त्यहीं बस्यौं। हामीलाई देख्ने बित्तिकै बारीमा काम गरी रहेकी आइमाई आई मलाई ढोगी। एकछिन पछि उसको लोग्ने पनि घरबाट बाहिर निस्क्यो। उ बिसञ्चो जस्तो देखिन्थ्यो। थुप्तेनज्यूसँग कुराकानी गऱ्यो। त्यो मानिस कमजोर भएको जस्तो लागेर मैले आफ्नो झोलीबाट औषधीको पोको झिकी उसलाई २० गोली भिटामिन दिएं। अनि फेरि हामी आफ्नो बाटो लाग्यौं। थुप्तेनजीले काठमाडौं फर्कनको लागि समयमै हवाइ जहाजको टिकट लिइ राख्नु पर्छ भनी आफ्नो छोरालाई फापलु पठाउनु भएको थियो।

यस बेला आकाश कालो नीलो देखिएको थियो। चीसो चीसो बतासले आँग जिरिङ्गिन थाल्यो। सिम सिम पानी पनि पर्न थाल्यो। बाटोको छेउमा एउटा झुप्री भित्र थर्मस र कपहरू देखेर "शायद यहाँ च्या पाइएला कि" भन्ने सोची थुप्तेनजी त्यहीं भित्र पस्नु भयो। अनि मलाई पनि बोलाउनु भयो। म

Downloaded from http://dhamma.digital

पनि भित्र पसें । त्यहाँ केवल एकजना मात्र तन्नेरी थियो । भरखरै मात्र यो बनाइएको रहेछ । कुराकानीको क्रममा थुप्तेनजी र उक्त तन्नेरीको परस्पर देखादेख तथा केही चिनाजान पनि रहेछ । अनि त च्यापान गरेको पैसा पनि लिएन । बरू अझ 'जाँड पिउन हुन्छ कि' भनी थुप्तेनज्यूसँग सोध्यो । वहाँले नपिउने कुरा बताउनु भयो । अनि केही छिन पछि हामी त्यसों त्यसों उकालो चढदै गयौं । आकाशले त बिलकुल मुख अँध्यारो त पारेकै थियो झन् त्यस माथि हामीलाई तर्साउनको निमित्त चिसो बतास र सिम सिम वर्षेको पानीले पनि जिस्क्याउन थाल्यो । डाँडाको टुप्पोतिर पुग्दा त्यहाँ पनि एउटा नयाँ झुप्री देख्यौं । त्यहाँ भित्र पसी एकछिन बिश्राम गर्‍यौं । पछि कफीको अडर दियौं । १ ग्लासको चार रूपैयाँ पर्‍यो । त्यसपछि निकै थाकिसकेकाले मलाई त त्यहीं भए पनि बास बस्नेपो हो कि जस्तो पनि लाग्यो । तर बास बस्ने बेला चाहिं भएको थिएन । त्यसैले फेरि खुट्टा चलाउनै पर्‍यो । अब बाटो अलि अलि ओह्लालो थियो । यसै बीच संयोगले एउटी पोथी डाँफे पाखाबाट माथितिर लागिरहेको मैले देखें । साथीलाई पनि देखाएं । सालुंग् पुग्न भन्दा अगाडि, सालुंग गाउं देखिने बाटो निर १४।१५ वर्ष जतिको एकजना विद्यार्थी, जुनबेसीको स्कूलमा पढी सालुंग् फर्किरहेको पनि देखें । सालुंग् पुग्दा पुग्दै ६ बज्न लागिसकेको थियो । सालुंग् पुग्नुभन्दा केहीछिन अगाडि धुमधामसँग मुसलधारे पानीले मलाई हुनसम्म सतायो ।

Downloaded from http://dhamma.digital

थुप्तेनजीले बास बस्न भनी सोचेको वहाँको चिनापर्ची भएको घरमा कोही पनि भेटिएन। घरमा ताल्चा लगाएको देखेर हामी एउटा लजमा गयौं। गाई बाख्राहरू गोठमा फर्कदै थिए। सालुंग-मा पनि ४।५ वटा लज र रेष्टोरेन्टहरू देखें। हामी गएको घर-को एक कोठामा करीब १४।१५ वटा खाटहरू थिए। खाटमा डन्लपको वछ्यान माथि तन्ना कसेको थियो। १ रातको ३५ रूपैंयाँ मात्र लिंदो रहेछ। एक छाक खानाको रू. १५ लिंदो रहेछ। थुप्तेनजीले रातको खाना तयार गराउनु भयो। म त एक ग्लास कफी पिई औषधी खाई घुँडामा मलम मालिस गरी पल्टी हालें। त्यहाँ पनि स्यानै भए पनि एउटा खोपामा बुद्ध सम्बन्धी तस्बीरहरू थिए। अगाडितिर दियो बालिराखेको थियो। धूपदानो पनि थियो। श्री ५ महाराजा र श्री ५ बडा महारानीहरूका तस्बीरमा खाता ओढाइएको थियो।

भोलिपल्ट अर्थात् वैशाख १४ गते जलपान सिध्याई त्यहाँबाट अलि तेर्सो तेर्सो ओरालो बाटो लागेर गइरहेको बेलामा फेरि थुप्तेनजीले एक जोडा डाँफे देख्नु भयो। अनि तल जाँदा जाँदै खोलामा पुग्दा त्यहाँ काठे पुलबाट खोला पार गरेपछि बाटोको छेउमा एउटा घर भेटियो। हामी त्यहीं भित्र पस्यौं। घरको मालिकले थुप्तेनजीलाई राम्ररी चिन्दो रहेछ। सर्व प्रथम दस्तुर अनुसार नुनिलो च्याद्वारा स्वागत गर्ने त शेर्पा जातिहरूको शिष्टाचार नै हो। यसको अलावा हामीलाई कफी बिस्कुट आदिले पनि स्वागत गऱ्यो। उसकी छोरीले हालै मात्र

Downloaded from http://dhamma.digital

काठमाडौंको के कुस्ती खेलमा जितेकी रहिछ र उ पनि त्यहीं थिई । अझ हामीहरूलाई उहीं दिवा भोजन गरेर जान कर गर्दै थियो । तर समय न भएकोले हामी त्यहाँबाट निस्की उकालो लाग्यौं र पछि रिङमू भन्ने गाउँको "एप्पल हाउस" भन्ने ठूलो घर भएको रेष्टोरेन्टमा दिवा भोजन गर्न पुग्यौं । त्यहाँ साइन-बोट पनि अंग्रेजीमै लेखिएको थियो। त्यहां एक भित्ताको छेउमा मेन्यू पनि लेखिएको देखें । त्यस्तै गरी अंग्रेजीमा टाइप गरिराखेको मेन्यू पनि थियो। मलाई सम्झना भए अनुसार च्या एक ग्लासको रू. २, कफी एक ग्लासको रू. ४, लंचको रू. १५, एप्पल जूस एक ग्लासको रू. १०, एप्पल पाई एकको रू. १५ र एक बेडको रू. ३५ आदि थिए । वरि परि पहाडको खेतबारीमा अग्ला अग्ला गहुं, आलु, स्याउका रुखहरू र हरिया लसुनका बोटहरू देखें । पोलिथिन पाइपद्वारा ल्याइएको धारा मात्र होइन "हटबाथ" भन्ने नुहाउने कोठा पनि थियो । त्यस गाउँमा दुइ वटा रेष्टोरेन्ट र लजहरू रहेछन् । आँगन अगाडि अग्लोलट्ठामा बौद्ध ध्वजा फरफराएको दृश्य टाढाबाट बडो आकर्षक देखिंदो रहेछ ।

त्यहाँबाट फेरि उकालो चढदै गएं । त्यस दिन टाक-सिन्दु गुम्बामा बास बस्ने कार्यक्रम थियो । उकालो लागेर जाँदा जाँदै बेसरी पानी पऱ्यो । टाब्लेट मुखमा राखी विस्तार विस्तारै गइरहेको थिएं । बर्सादी ओडी थरमसमा कफी राखेर हाम्रो स्वागत गर्न बाटोमा आएका टाक्सिन्दु गुम्बाका थुप्तेन

Downloaded from http://dhamma.digital

लामाका एक साथी ङवाङ् राब्घा पनि बाटैमा भेटियो। थुप्तेन लामाले आफ्नो छोरालाई अघि नै हामी आउने खबर त्यहाँ पठाएका थिए। बाटाको एक छेउमा एक घर भेटियो। बाटो एकदम चिप्लो थियो। अनि हामी सबै सोही घर भित्र पस्यौं। म चाहिं एउटा बाछो बाँधिएको गोठको काठमा एकछिन चुप लागेर बसें। भित्र कोठामा एउटी बुढी र एउटी आमा नभएकी बालिका थिई। चुलोमा आगो बलिरहेको थियो। पानी झन् झन् बढदै गयो। केहीछिन पछि म पनि भित्र कोठामा गएं र चुलोको अगाडि ओछ्याएको राडीमा पलेटीमारो बसें। जस्तैसुकै गरीब भएता पनि चियाद्वारा स्वागत गर्ने शेर्पाहरूको चारित्र नै भयो। करीब आधा घण्टा जति हामीहरू त्यहाँ बस्यौं होला। त्यसपछि वर्षा केही कम हुन थाल्यो। अनि हामी तीन जना त्यहाँबाट बाहिर निस्केर उँभो लाग्दै गयौं। त्यहाँ पनि बाटोको बीचमा काठमाडौं उपत्यकाको स्वयम्भू चैत्यकै आकारमा बनेको स्तूप र त्यसको साथै "ओंम् मणिपद्‌मे हुं" भन्ने मंत्र कुँदिएका शिलापत्र परखालको चारैतिर टाँसिराखेको परखाल काटी दाहिने तिरको उकालो चढदै गयौं। थुप्तेनजी र वहाँका साथी बीच कुराकानी हुँदै थियो। जब पहाडको टुप्पोतिर पुग्ने बेला आउला आउला जस्तो लाग्यो तब मैले दोबाटाको दाहिनेतिर ढुंगामा सेतो रंगले "चीस्" भनी लेखेको देखेर साथीसँग "यो के हो ?" भनी सोध्दा "चीस् फ्याक्टरीमा जाने बाटो हो" भनी लेखेको

Downloaded from http://dhamma.digital

भनी वहाँले भन्नु भयो। यो पनि भन्नु भयो कि त्यस बाटो भएर पनि टाक्सिन्दु गुम्बामा जान सकिन्छ। "यहाँसम्म पुगेर पनि आफ्नो देशमा बनेको फ्याक्टरी किन न हेर्नु र!" भन्ने मनमा लागेपछि "त्यसो भए अलि कति घुमाउरो परेता पनि फ्याक्टरी हेरेर नै जाऔं" भनी मैले साथीलाई भनें। अनि त्यतैतिर लाग्यौं।

चीस् फ्याक्टरीमा पुग्यौं। सर्व प्रथम कुकुरहरूले भुक्दै स्वागत गरे। साथी लामाले घरको चारैतिर हेरे। जम्मै दैलाहरू बन्दाबन्दी थिए। पछि एउटा दैलोमा टक् टक् गरी आवाज दिए पछि दैलो खुल्यो। अनि म पनि गएं। जाना साथ मेचमा बस्यौं। अब के थियो र! चुलोमा तताइ राखेको च्या एक एक कप हामीलाई दिए। त्यहाँको मैनेजर काठमाडौं जानु भएको रहेछ। वहाँकी श्रीमती एक स्टूलमा बसी स्वीटर बुन्दै थिइन्। आगोको रापले कोठा न्यानो लाग्यो। अनि मैले मैनेजरकी श्रीमतीसँग फ्याक्टरीको बारेमा केही कुराहरू सोधें। वहाँले जवाफ दिनु भयो। स्त्री पुरुष गरी १५।१६ जनाको स्टाफ रहेछ। हालसाल चौंरीको दूध नहुने भएकोले चीस् बनाउने काम केही समयको लागि स्थगित गरिबस्न पर्ने कारण पनि बताउनु भयो। दूध हुने बित्तिकै काम चालु हुने कुरा पनि थाहा पाइयो। अनि मैले चीस् उत्पादन गर्ने ठाउँहरू हेर्न सकिएला कि भनी भन्दा वहाँले "सकिन्छ नि, किन न सक्नु" भन्दै एक जना कर्मचारीलाई बोलाई देखाउन पठाइन्।

Downloaded from http://dhamma.digital

निजले कसरी दूध उमाल्नें, त्यसपछि कसरी उमालेको दूधलाई जमाउने र त्यसपछि कसरी चीस् तयार पार्ने भन्ने कुरा राम्ररी बताउँदै दुई कोठा देखायो। त्यसपछि चीस् चक्का चक्का पार्ने यंत्र पनि देखायो। चीस्लाई सड्न न दिनको निमित्त कमतिमा ७२ घण्टा जति नुनिलो पानीमा डुबाइ राख्नु पर्ने कुरा पनि सुनायो। त्यसपछि चक्का चक्का पारी बनाइए-को चीस् स्टोर गरी राख्ने कोठा पनि देखायो। धेरै तह तह भएको फलकका तखताहरूमा एक एक तहमा सो चक्का पारिएको चीस् राखिराखदा रहेछन्। मेरो अन्दाजमा सो चीस्को चक्का एक फिट जति होला र बाक्लोमा चार पाँच इञ्च जति होला। भण्डारमा थुप्रै चीस्हरू देखें। १ किलोको रू. १०० पर्दो रहेछ। "यी चीस्हरू काठमाडौं कसरी पठाइन्छ त ?" भन्ने प्रश्नको उत्तरमा "काठमाडौं भन्दा धेरै जसो यी चीस्हरू नाम्चे बजारतिर पैठारी हुन्छ र यहीं पनि विदेशी यात्रीहरू आई लिन आउन्छन्" भनी भन्यो। एकै प्रकारको हार्ड चीस् मात्र बनाउँदा रहेछन्। स्वदेशको यो फ्याक्टरी हेर्न पाउँदा मलाई सारै खुशी लाग्यो। त्यहाँ ५।६ वटा घरहरू देखें। एउटा गोठ पनि देखें। त्यसपछि हामी अघि बसेको न्यानो चुलो भएको कोठामै गयौं। "यस्तो टाढा दुर्गम क्षेत्रमा यो फ्याक्टरी खोल्नाको कारण के त ?" भनी सोध्दा "यस्तै लेखतिर मात्र चौंरी गाईहरू पालन गर्न सुविधा पर्ने र यस्तै ठाउँमा मात्र चौंरी गाई पाइने भएकोले" भन्ने जवाफ पाएँ।

Downloaded from http://dhamma.digital

यो फ्याक्टरी काठमाडौं दुग्ध संस्थानद्वारा संचालित रहेछ ।

त्यसपछि हामी फेरि त्यहाँबाट देब्रे तिरको उकालो चढदै गयौं । जाँदा जाँदा पहाडको टुप्पोमा पुग्यौं । त्यहाँ काठामाडौं उपत्यकाको बौद्ध स्तूपको आकारले बनाइराखेको एउटा ठूलो स्तूप थियो र त्यसको पछाडिपट्टि अंग्रेजीमा साइन्‌बोट राखेको तथा विदेशी यात्रीहरू बस्ने रेष्टोरेन्ट र लज पनि देखें । गुम्बा जानें बाटो र नाम्चे बजार जाने बाटो यही नै रहेछ । यसै मूल बाटोको दाहिनेतिर पनि एउटा घर छ। त्यसपछि उत्तर पश्चिम मोहडा गरी हामी ओर्ल्ह्यौं । त्यस बखत शायद दिउसो-को ५ जति बजिसकेको होला । चीसो त छँदैछ । तर पानी भनें रोकिइ सकिएको थियो । करीब आधा घण्टा जति ओर्लिहसके-पछि तलतिर हेर्दा बाटोको दाहिनेतिर दुई तहमा विभाजित थुप्रै घरहरू देखें । माथिल्लो तहमा रहेको घरहरूको समूह टाक्‌सिन्दु गुम्बाको कम्पाउण्ड रहेछ । त्यस भन्दा मुनि देखिए-को घरहरूको समूह गाउँ रहेछ । ओर्लिहदा ओर्लिहदै साँझको ६ बजेतिर गुम्बाको कम्पाउण्डमा पुगें । माथिबाट मैले टाढैदेखि कम्पाउण्डमा ४।५ जना लामाहरू उभिइरहेको पनि देखेको थिएं । गुम्बाको कम्पाउण्ड भित्र पुगिसके पछि ती ५ जना लामाहरू मध्ये विहार प्रबन्धक लामाले खाताले बेरेको तथा बालिराखेको धूप एकमुट्ठा लिई अगाडि अगाडि गएर मलाई राख्ने घरको दैलोसम्म पुऱ्याए । दैलोमा स्वागत भन्ने रातो तूल कपडा झुण्ड्याएको थियो । यो गुम्बा नाम्चे बजार जाने

Downloaded from http://dhamma.digital

मूल बाटोको ठीक दाहिनेतिरको छेउमै पर्छ ।

बस्ने कोठाभित्र पुगिसकेपछि फेरि उही निमकीन च्याद्वारा सम्मान पाएँ र त्यसपछि त्यहाँ बस्ने केही लामाहरू खाता चढाउन आए । कोठाको नजिकै शौचालय पनि रहेछ । भान्सा कोठा पनि अर्को कोठामा रहेछ । यो कोठा चाहिं थुप्तेन लामा र वहाँको ४।५ जना साथीहरू बस्ने कोठा रहेछ । लामाहरू आ-आफू बस्ने घर वा कोठामा आ-आफै खाना बनाई खांदा रहेछन् । म बस्ने घरको भान्सा कोठामा दुई चार जना लामाहरू मिली गुम्बाका लामाहरूलाई अति आवश्यक पर्ने वस्तुहरू बिक्रीको निमित्त त्यहीं तखतामा राखिएका रहेछन् । जस्तैः— सलाई, साबुन, चाउचाउ, नूडल्स, मट्टीटेल, मसी, लाइटर र डटपेन आदि । कुनै स्याना तिना चीजको निमित्त कहीं टाढा जान नपरोस् भन्ने बिचारले हालसालै मात्र यसो गरेको रहेछ । त्यस गुम्बामा करीब ३०।४० जना लामाहरू बस्दा रहेछन् । अलि पर अलग्ग ठाउँमा ८।१० जना अनीहरू पनि बस्दा रहेछन् । गुम्बाको प्रमुख लामा ल्हासा र खाम्मा १६ वर्ष अध्ययन गरी आउनु भएका च्याङ् छ्युप् छुल्ठिम लामा हुनु हुंदो रहेछ । वहाँले त्यहाँ बस्ने अरू लामाहरूलाई पढाउनु हुंदो रहेछ ।

भोलिपल्ट अर्थात् वैशाख १५ गते बिहानको ९ बजेतिर मुख्य बिहारको आंगनमा भेला भई बसिरहेका स्थानीय लामा-

Downloaded from http://dhamma.digital

हरू र केही गृहस्थीहरूको समूहलाई बुद्धधर्म सम्बन्धी विषयमा संक्षिप्त रूपमा प्रवचन दिएँ। यसै कुराको शिलसिला-मा काठमाडौंमा चतुर्थ र पन्ध्रौं विश्वबौद्ध सम्मेलन भएको चर्चा उठ्यो । हालसालै मात्र काठमाडौंमा राष्ट्रिय बौद्ध सम्मेलन भएको कुराको पनि जानकारी दिइयो । धर्मोदय सभाको आयोजनामा राष्ट्रिय बौद्ध सम्मेलनमा भाग लिएका लामाहरू पनि त्यहाँ रहेछन् । वहाँहरुले सम्मेलन राम्रो भएको र यस्तो सम्मेलन बेला बखतमा भइरहेको खण्डमा एक अर्का बौद्धसंग परिचित हुने सौभाग्य पाउने कुरा पनि अभिव्यक्त गर्नु भयो । उपस्थित लामाहरूको तरफबाट केही प्रश्नहरू पनि सोधिएका थिए । तिनीहरू मध्ये एउटा प्रमुख प्रश्न विश्वका कुन कुन मुलुकमा बौद्धहरू छन् भन्ने थियो । उत्तरमा चीन, जापान, नेपाल, ताइवान, कोरिया, होंग्कोंग्, सिंगापुर, मंगोलिया, भूटान, रूसको साइबेरियामा बस्ने बुरियात मंगोलियाहरू सबै बौद्ध हुन् र तिब्बेतको कुरा त तपाइँहरुले जानेकै कुरा हो । यसको अलावा लंका, बर्मा, थाइल्याण्ड, क्याम्बोडिया र लाओसका मानिसहरू पनि बौद्ध हुन् । बंगला देशको चित्तगाउँ वासी बरूवाहरू पनि बौद्ध हुन् । आशाममा र भारतको हिमाचल प्रदेशमा पनि बौद्धहरू छन् भनी भनें । ती मध्ये लंका, बर्मा, थाइल्याण्ड, क्याम्बोडिया र लावसमा थेरवादी बौद्धहरू भए बाँकी अरू मुलुकहरूमा सर्वास्तिवादी लगायत महायानका अनेक शाखा-प्रशाखाहरू छन् । जस्तै– तान्त्रिक

Downloaded from http://dhamma.digital

बज्रयानी आदि । हाम्रो नेपालमा पनि तिब्बेतियन परम्पराका तपाइँहरू जस्ता लामाहरू सर्वास्तिवादका र तन्त्रवादी बज्रयानका हुनु हुन्छ । काठमाडौं उपत्यकामा चाहिं विशेष गरी तान्त्रिक बज्रयानीहरू नै धेरै छन् । थाइलैण्डमा ३ लाख भिक्षुहरू, बर्मामा २ लाख भन्दा बढता भिक्षुहरू छन् भने श्री लंकामा ४० हजार जति भिक्षुहरू भएको कुरा पनि बताइदिएँ । अनौपचारिक ढंगको यो भेला भए पनि निकै सौहार्दपूर्ण वातावरणमा हामीहरूको विचार आदान प्रदान भएको थियो । अतःएव कुराको शिलसिलामा काठमाडौंका तान्त्रिक बज्रयानी बौद्धहरूले हिंसा गरी पूजा-आजा पनि गर्दा रहेछन् । बलिकर्म पनि गर्दा रहेछन् । हामी तिब्बेतियन परम्पराका पनि तान्त्रिक बज्रयानी नै हौं । तिब्बेतमा पनि तान्त्रिक बज्रयानीहरू छन् । तर हिंसा गरी बली चढाउने चलन हाम्रो छैन । काठमाडौंका तान्त्रिक बज्रयानी नेवारी बौद्धहरूमा मात्र यस्तो हिंसाको चलन कसरी भयो ? हामी शेर्पाहरूले त कुनै प्राणीको हत्या गरी मासु समेत खांदैनौं । काठमाडौंका बज्रयानी बौद्धहरूले त हिंसा गरेर पनि खाँदा रहेछन् । त्यसो किन भएको होला ? नेवार जातीमा पनि बौद्धहरू रहेछन् भन्ने कुरा हामी केही शेर्पाहरूलाई थाहा पनि थिएन ।

आचार्य परम्परा वादले गर्दा कहिले काहीं हामीहरूले बुद्धको मूल कुरालाई भन्दा आचार्यहरूका कुराहरूमा ध्यान दियौं । त्यसैले हामी बौद्धहरूको चाल चलनमा केही

Downloaded from http://dhamma.digital

भिन्नता देखिएता पनि वास्तवमा बौद्ध शास्त्र र इतिहासको गहिरिएर अध्ययन गऱ्यौं भने हामी सबै एकै परिवार हौं भन्ने कुरा प्रष्टिने छ र हामी सबै बौद्ध हौं भन्ने भावना पनि सबैले मनन गर्नुपर्छ । केवल हामी नेपाली बौद्धहरूको बीचमा परस्पर भेट घाटको कमीले गर्दा र भाषाको आदान प्रदान हुन न सकेर मात्र हामी एक अर्कोसा फरक जस्तो देखिएको हो । बुद्धधर्मको नाममा धेरै अबौद्ध गतिविधि पनि हामीमा नभए-को होइन । यसलाई सुधार्नु परेको छ । हो, काठमाडौंका नेवारी जातिका तन्त्रयानी गुभाजुहरू र अरू नेवार बौद्धहरूले काट-मार गर्छन् । तर गहिरेर विचार गर्ने हो भने यो चाल चलन कुनै अर्कै धर्मबाट संमिश्रण भएर आएको हुनुपर्छ । किन-कि कुनै प्राणीको हत्या गरी कुनै ब्यक्ति मुक्त हुन नसक्ने कुरा हाम्रा शाक्यमुनि गौतम बुद्धले भन्नु नै भएको छ । धेरै बौद्धहरू भएका देशहरूमा भ्रमण गरिसकें । कहीं पनि कुनैपनि बौद्धहरूले प्राणी हत्या गरी पूजा-आजा गरेको देखिन । तर आफ्नै नेपालमा मात्र खासगरी नेवार जातका बौद्धहरूमा प्राणी हत्या गरी पूजा-आजा गर्ने चलन पाएँ । जे होस्, आजको समयमा हामी सबैले "हामी सबै बौद्ध हौं" भन्ने तिर बढी ध्यान दिनु परेको छ । यदि बुद्धको मूल सिद्धान्त विपरीत हाम्रो चाल चलन भइरहेको छ भने त्यसलाई सुधार्ने दिशातिर पनि हामी अगिसनु पर्छ । हामी बौद्धहरूको जनसंख्या वर्षौं नि श्री ५ को सरकारले कम देखाउने प्रयास देखाइ रहेकोमा हामी

Downloaded from http://dhamma.digital

सचेत हुन सक्नु पर्छ । बौद्ध, बौद्ध नै हुन्; हिन्दू, हिन्दू नै हुन् र मुसलमान, मुसलमान नै हुन् । के, हामी बौद्धहरूले मात्र परिवार नियन्त्रण गर्ने काम धेरै गरेका छौं ? अथवा युद्धमा गएर बौद्धहरू मात्र धेरै मारिए ? अतः मेरो विचारमा राष्ट्रको हितको लागि सत्य र तथ्य कुरा प्रकाश पार्ने दिशातिर हामीले पनि सत्य कुरा गरी बौद्धले बौद्ध र अबौद्धले अबौद्ध भन्न सक्नु पर्छ । बौद्धलाई अबौद्ध र अबौद्धलाई बौद्ध भनी लेख्नु र लेखाउनु न्याय, सत्य र धर्म होइन । यो त महापाप हो । अरू जातिको संख्या भने तीव्रगतिले बढ्नु र बौद्ध जाति मात्र तीव्र गतिले घट्नु, यसको के कारण होला ? शायद यो, जनसंख्या तथ्याङ्क लिन जाने कर्मचारीहरूले सत्य रूपले फारम नभरेको कारणले हुन गएको हुन सक्छ । उनीहरूले कसैसंग पनि तिम्रो धर्म के हो ? भनी सोधदैनन् । हामी सबै हिन्दू हौं भनी हिन्दू लेख्ने गर्छन् । हामी बौद्ध भनाउँदाहरूले यस विषयमा बडो गम्भीरता पूर्वक सोच्नु पर्छ । तपाईं शेर्पाहरू सबै बौद्ध भए जस्तै हाम्रो नेपालमा अरूहरू पनि धेरै बौद्ध जातिहरू छन् । जस्तै– तामाङ्ग, गुरुङ्ग, भोटे, लाप्चे, मनाङ्गे आदि । तर यिनीहरू कुनै कुनैले आफूलाई बौद्ध हौं भन्ने कुरा पनि बिर्सन थालिसके । हालसाल नेपालमा केवल ५ प्रतिशत मात्र बौद्धहरू छन् रे ! के यो कुरा तपाईंहरूको विचारमा सत्य जस्तो लाग्छ ?

गुम्बाका विद्वान तथा प्रमुख लामा च्याङ् छ्चुप् छुलठिमज्यूले "काठमाडौं देखि आएर हामीलाई विश्व बौद्धका

Downloaded from http://dhamma.digital

कुरा सुनाई भेट्न आउनु भएका तपाईंलाई हामी सबैको तरफबाट धेरै धेरै धन्यवाद छ" भनी भन्नु भएपछि सभाको कार्यक्रम समाप्त भयो। मैले वहाँहरूलाई एक एक प्रति मैले लेखेको संक्षिप्त बुद्धजीवनीको पुस्तक प्रदान गरें । सभाको शुरूमा थुप्तेन लामाज्यूले छोटकरीमा मेरो परिचय दिनु भएको थियो। केही बृद्ध लामाज्यहरूले बाहेक आजकलका लामाज्यूहरूले नेपाली पनि बुझ्नु हुन्छ ।

त्यसपछि सबै विहार भित्र गई मलाई पनि आसनमा बसाली गुम्बाका प्रमुख लामा पनि आसनमा बसी सूत्र पाठ गरी मेरो मंगलकामना गर्नु भयो। त्यहाँ करीब २०।२५ जना लामाज्यूहरू थिए। शाक्यमुनि बुद्ध, अवलोकितेश्वर र पद्मसम्भवको अलावा तिब्बतमा विशेष रूपले मनाउने भगवान् बुद्धका १६ जना अरहन्त महाश्रावकहरूका ठूल-ठूला मूर्तिहरू पनि थिए। भित्तामा अनेक धर्म सम्बन्धी चित्रहरू लेख्ने त प्रत्येक तिब्बती बौद्ध परम्पराको कला नै हो। यस गुम्बामा विदेशी पर्यटकहरू पनि धेरै आउँदा रहेछन्। गुम्बा ठूलै रहेछ। पूजा-आजा र सूत्र पाठ पछि उपस्थित सबैको निमित्त उहीं भोजनको व्यवस्था मिलाइएको थियो । भोजन पछि सबै आ-आफ्नो ठाउँमा गए। अनि गुम्बाका प्रमुख लामा, म र थुप्तेन लामा-हामी तीन जना उहीं बसी धेरै बेरसम्म धर्म सम्बन्धी विचार आदान-प्रदान गर्‍यौं। थुप्तेनजीले भाषा परिवर्तन गर्ने काम गरी सहयोग पुर्‍याउनु भएको थियो।

Downloaded from http://dhamma.digital

च्याङ् छ्चुप् छुल्ठिम् लामाज्यूले ल्हासामा नागार्जुनको शून्यवाद अर्थात माध्यमिक शास्त्र र तन्त्रयान पनि अध्ययन गरेर आउनु भएको रहेछ । त्यस रात पनि हामी उहीं नै बस्यौं ।

भोलिपल्ट अर्थात् वैशाख १६ गते बिहानको जलपानको निमित्त गुम्बाका प्रमुख च्याङ् छ्चुप् छुल्ठिम लामाज्यूले आफ्नो निवासस्थानमा जलपानको लागि निम्त्याउनु भएको रहेछ । त्यसैले हामी बिहान सबेरै त्यहाँ गयौं । जलपान पछि त्यहींबाटै हामी जम्बुक् गाउंको लागि प्रस्थान गऱ्यौं । रिङमु गाउंको बाटाकै छेउमा एउटा प्राइमरी स्कूल पनि देख्यौं । त्यहाँ पतिपत्नी दुइजना शिक्षकहरू थिए । मैले शिक्षकसँग "शेर्पा केटाकेटीहरू कत्तिको पढ्छन् ?" भनी सोध्दा "राम्रै पढ्छन्" भनी भने । त्यसै स्कूलको अगाडितिरको एक घरमा पोको पारी ल्याएको भोजन गरें । त्यो घरका मानिसलाई पनि थुप्तेनज्यूले चिन्नुहुंदो रहेछ । त्यसपछि हामीहरू फेरि बाटो लाग्यौं र बल्ल बल्ल साँझसम्ममा जम्बुक् गाउंमा आइपुग्यौं र वहाँको चिनाजानी भएको एक घरमा बस्यौं । बाटोमा आइरहेको बेलामा एक ठाउँमा फाप्लु अस्पतालबाट आमा र छोरी आइरहेका भेट्यौं । उनीहरूले मलाई ढोगे । मैले टाउकोमा हात राखिदिएं । म चाहिं अगाडि बढ्दै गएं । थुप्तेनजी र उनीहरू कुरा गर्दै थिए । पछि दगुरेर आई तिनीहरूले मलाई केही पैसा चढाए । मैलें थुप्तेनजीसँग

Downloaded from http://dhamma.digital

-सोधें "मलाई देखेर मानिसहरू के ठान्दछन् ?" "कुनै बौद्ध भिक्षु" भनी ठान्दछन् । कसै कसैले त "नेवारहरू पनि बौद्ध रहेछन् भनी भन्दछन्" भनी वहाँले भन्नु भयो । बाटामा जहाँ पनि हामीहरूले शेर्पा जाति भेट्यौं । तिनीहरूले कसैले पनि हामीहरू बसेको बीचबाट बाटो काटेर गएको देखिन । बाटोको एकछेउँ लागेर गएको देखें । आइमाईहरू भए हामीलाई देख्ने बित्तिकै टाउकोमा बाँधिराखेको कपडा फुकाली ढोगी एकछेउ लागेर गएको नै देखें । गएपनि हुन्छ भने पछि मात्र बाटो काटेर गएको देखें । यो शेर्पा जातिहरूको शिष्टाचार रहेछ । बास बस्ने घरको कोठामा आइसकेपछि मैले एउटा स्यानो केटा झ्यालमा बसेर स्कूलको पाठ पढिरहेको देखेर सो बालकलाई सीसाकलम र केही डट्पेन पनि दिएँ । त्यस गाउँको छेउंछाउं-मा २१४ वटा घरहरू देखें ।

भोलिपल्ट अर्थात् बैशाख १७ गते चिवंगुम्बा हेरेर सोलुखुम्बू जिल्लाको सदरमुकाम सल्लेरी पुग्न नसकेमा बीचमा कहीं बास बसी बैशाख १८ गते त त्यहाँ नपुगि नहुने थियो । अतः जम्बुक्मा जलपान सिध्याई दिवा भोजनको लागि चिवंगुम्बामा पुग्नको निमित्त हामी घरबाट निस्कयौं ।

थुपतेनज्यूले आफ्नो छोरालाई हाम्रो निमित्त भोजन ठीक पारि राख्न चिवंगुम्बामा खबर पठाउनु भयो । जम्बुक् गाउँबाट चिवंगुम्बाको लागि केवल आधा घण्टा वा पौने

Downloaded from http://dhamma.digital

घण्टाको बाटोमात्र छ भनी साथी थुप्तेनज्यूले भन्नु भयो। त्यसको मतलब मेरो लागि कमसेकम डेढ घण्टा वा २ घण्टा त अवश्य लाग्ने भयो। बाटो ठाडो उकालो थियो। करीब बिहानको साँढे ९ बजेतिर एक ठाउँमा बसी विश्राम गरिरहेको बेलामा यसो आकाशतिर हेर्दा आश्चर्यजनक रङ्गीन सूर्यमण्डल देखें। यो कुरा तुरुन्तै साथी थुप्तेन लामालाई पनि भनें। वहाँले पनि आकाशतिर हेर्दा त्यस्तो राम्रो रङ्गीन सूर्यमण्डल देखेर आश्चर्यचकित हुनु भयो र हत्तरपत्त फोटो लिन थाल्नु भयो। तर वहाँको क्यामरा त्यति भरपर्दो नभएको हुँदा फोटो कत्तिको सफल भयो भन्ने कुरा अहिलेसम्म थाहापाउन सकेको छैन।

चन्द्रमण्डल त धेरै पटक देखिसकेको छु, तर यस्तो छाँटको सूर्यमण्डल चाहिं जीवनमा यही पहिलो पटक थियो। त्यसभन्दा पनि अर्को आश्चर्यको कुरो के थियो भने त्यो मुख्य रङ्गीन सूर्यमण्डललाई ओरपर चार दिशातिर चारवटा अर्को साधारण मण्डल पनि थियो। धेरै बेरसम्म यो मण्डल रहि नै रहेको थियो।

त्यहाँबाट हामी फेरि उकालो चढ्दै गयौं र एक परखालमाथि बसिरहेको बेलामा वहाँको छोरा हाम्रो बाटो हेर्न चिवंगुम्बाबाट आएको थियो। उसलाई जम्बुक्बाट गुम्बा-लाई सूचना दिन अघिनै पठाएको थियो र साथै

Downloaded from http://dhamma.digital

काठमाडौं फर्कनको लागि हवाइ टिकट पनि किनेर ल्याउन अन्हाएको थियो । अतः उ टिकट किनेर त्यहाँ आइसकेको थियो । जुन परखालमा हामी बसिरहेका थियौं सो परखाल चिवंगुम्बाको कम्पाउण्डको परखाल रहेछ । संयोगवश त्यस गुम्बाको मरमत गराउनको निमित्त भू. पू. मन्त्री श्री छिरिङ् तेन्जिग् लामा पनि उहीं बस्नुभएको रहेछ । यो खबर थाहा पाएपछि मलाई निक्कै हर्ष लाग्यो । बल्ल बल्ल गुम्बाको भित्री कम्पाउण्डको ढोकामा पुग्यौं । म चाहिं थुचुक्क ढोकाको खुड्किलोमा बसिहालें । ढोकाको देब्रेपट्टि ठूलो माने (=तिबेतन परम्परा अनुसार घुमाउने गोलो चक्का) राखेको स्यानो घर थियो । त्यस ढोकाबाट बायाँपट्टितिर अलि माथि छेरिङ तेन्जिङ्को घर रहेछ । वहाँ हामीहरूको प्रतीक्षामा आपनो घरको ढोका बाहिर अर्का एकजना लामासँग उभिइ रहनुभएको रहेछ । त्यहाँ पुगेपछि खाता चढाई स्वागत गर्नु भयो र भन्नु भयो–"वैशाख पूर्णिमाको लागि तपाइं सोलुखुम्बू जाने रे भन्ने कुरा श्रीलङ्काको प्रधानमन्त्री आनन्दकुटी विहारमा पाल्नु भएको बेलामा सुनेको त थिएँ । तर हृदयरोगी तपाइं जान सक्नुहोला भनी पत्याएको थिइन" भनी बताउनु भयो । जे होस्, वहाँसँग भेटेर मलाई सारै खुशी लागेको थियो । चिवंगुम्बा वहाँके बाजेले बनाउनु भएको रहेछ । यो सुनेर त मलाई झन् हर्ष लाग्यो ।

हात मुख धोइसकेपछि वहाँके घरमा भोजन गरी एक-

Downloaded from http://dhamma.digital

छिन आराम लिई माथि गुम्बामा गएं । वहाँले मलाई हिंडाउन चाहनु हुन्नथ्यो । त्यसैले मलाई वहाँको घोडामा चढाई गुम्बामा पठाउनु भयो । करीब ५।६ मिनेटमा गुम्बामा पुऱ्यायो । गुम्बा पहाडको चुचुरोनिर भिरालोमा अवस्थित रहेछ । गुम्बा पनि निक्कै ठूलो रहेछ । गुम्बाको पेटीमा केही लामाहरू र केही गृहस्थीहरू पनि मेरो प्रवचन सुन्नको लागि प्रतीक्षा गरिरहेका रहेछन् । अनि छोटकरीमा केही मन्तव्य प्रकट गरें । त्यसपछि एक अर्को गरी भेला भएका मानिसहरूले खाता चढाए । अनि छिरिङ्ग तेन्जिङ्गज्यूले गुम्बाको विहार भित्र लगी सबै देखाउनु भयो । त्यहाँ ठूला ठूला शाक्यमुनि बुद्ध र अरू मूर्तिहरू पनि थिए । भित्ताभरी चित्रले भरिएको रहेछ । माथिल्लो तलामा कंग्युर र तंग्युर ग्रन्थहरू राखिएका थिए । मूल विहारको अगाडि ठूलो आँगन र त्यसको तीनैतिर ठूला ठूला बार्दली भएका घरहरू थिए । शेर्पाबौद्ध परम्परा अनुसार जहाँ पनि चारपाटे घरहरू र बीचमा आँगन हुन्छ । यस्तै परम्परा काठमाडौं, पाटन र भादगाउँका प्राचीन विहारहरूको ढाँचा पनि यस्तै छ । त्यसबखत त्यहाँ पुरानो घर भत्काई नयाँ भान्सा घरको निर्माण कार्यहरू भइरहेको थियो । कुनै विदेशी दाताले दिएको दान सहायताबाट सो निर्माणकार्य भइरहेको कुरा पनि बुझियो । सो दाताको इच्छा चाहिं सिमेन्टले नबनाई नेपालको प्राचीन तरिकाले माटो र ढुङ्गाबाट नै बनाउनु पर्ने रहेछ । विदेशी यात्रीहरूको निमित्त यो गुम्बा निक्कै ख्याति

Downloaded from http://dhamma.digital

प्राप्त रहेछ ।

घडी हेर्दा साँढे २ बजन लागिसकेको देखेर म अलि आत्तिन थालें। "न आत्तिनुहोस्, म आफ्नो घोडा पठाइ दिनें छु। ६ बजेतिर त सल्लेरी पुगिहाल्नु हुनेछ। हिंडेर जाँदा त्यहाँ पुग्न सक्नु हुन्न" भनी छिरिङ्ग तेनजिग्ज्यूले भन्नु भयो । पछि ३ बजेतिर वहाँले दिनु भएको घोडामा चढी सल्लेरीतिर लाग्यौं। कहिल्यै घोडा चढेको थिइन । त्यसैले घोडाको लगाम समात्ने मानिस पनि साथमा थियो । अर्का दुइजनाले मलाई दुइतिर समातेका थिए। घोडा ओरालो ओर्लिह्दा अलि पछाडितिर ढल्किनु पर्ने र उकालो लाग्दा अगाडिपट्टि घोप्टिनु पर्ने कुरा पनि सिकाए । अनि केहीछिन विस्तार विस्तारसँग ओन्हालो ओर्लिहएपछि तेर्सो तेर्सो लाग्दै सजिलैसँग गएं। फाप्लुमा छेरिङ्ग तेन्जिगजीको घरनिर पुगेपछि घोडा वहाँको घरतिर मात्र जान खोज्ने र अगाडितिर बढ्ने चाहेन। कत्ति तान्दा र पिट्दा पनि घोडा डेग चलेन। पछि बल्ल बल्ल अगाडि बढ्यो। अनि ६ साँढे ६ बजेतिर सल्लेरी बजार पुग्यौं। कहाँ बस्ने कहाँ बस्ने भन्दै साथी थुप्तेनजी राम्रो लज खोज्ने चिन्तामा हुनुहुन्थ्यो । यसै बीच वहाँलाई चिन्ने जिल्ला पञ्चायतका उपसभापति श्री आङ्गदोर्जी शेर्पा सँग भेट भयो र उनले फलानाको घरमा बस्नु बेश होला भनी सल्लेरी हाइस्कूलको हेडमाष्टर श्री आङ्ग दाबा शेर्पाको घरमा लैजानु भयो। यो घर सल्लेरीको पुलिस हेडक्वाटरको ठीक

Downloaded from http://dhamma.digital

अगाडि नै पर्दोरहेछ । अनि हामीहरू हेडमाष्टर श्री दावा शेर्पाको घरमै बस्यौं । शेर्पा चलन अनुसार चियासिया खाइ सकेपछि वहाँकी ८२ वर्षीय आमाले खाताले छोपेको एक थाल गहुँ चढाउन ल्याइन् । माथि उल्लेख गरे झैं यो थियो— शेर्पा-हरूले विशिष्ट पाहुनाहरूलाई स्वागत गर्ने तरिका ।

आज वैशाख १८ गते । बिहानको जलपान सिध्याइ सकेपछि शनिबार हाट बजार हेर्न जाने कार्यक्रम थियो । अतः बिस्तार बिस्तारै तलतिर ओर्ल्हाँ पौनेघण्टा जति लगाएर हाट बजार लाग्ने ठाउँमा पुगें । हाट बजार पुग्नुभन्दा अगाडि नै बाटोको एक छेउमा अलग्गै मासु बेच्ने ठाउँ पनि (बगरेको पसल) रहेछ । त्यहाँबाट अलि तलतिर हाटबजार लाग्ने ठाउँको तीनैतिर स्थाई घरहरू थिए । एकातिर मात्र कपडा र ताम-चिनका भाँडा वर्तनका पसलहरू राखिएका ठाउँहरूमा भने अस्थायी रूपमा पाल हाली पसल सजाएको देखियो । अलिकति भिरालो ठाउँ भएतापनि ठूलो चौर थियो । मानिसहरूको घुइँचो थियो । लाउडस्पिकरको माध्यमबाट गीतको आवाज सुनिन्थ्यो । एक ठाउँमा त बौद्ध गीत बजाइ राखेको पनि सुनें । जानकारीको निमित्त दुइचार वस्तुहरूको मोल पनि सोधें । ती मध्ये अहिले सम्झना भएका दुइचार वस्तुको भाऊ यस प्रकार टोकिएको रहेछ— नाङ्लोको रु. ८। कुचोको रु. ६।– चामल १ पाथीको रु. ६० देखि ६५।- सम्म, बदाम १ मानाको रु. ६।-, रायोको साग ठूलो एक मुट्ठाको रु. १।-, खुकुरी १ के रु. ७५।-

Downloaded from http://dhamma.digital

तामाका भाँडा वर्तनहरूको बस्तु हेरि हेरी रु. २७५। देखि २८०। सम्म रहेछन् । बजारमा दैनिक जीवनलाई चाहिने सबै थोक थिए । धुलिखेलबाट आएका नेवार साहुहरूले थापिराखेको कपडाको पसल पनि थियो । मदिसेहरू पनि थिए । दमाइहरू ठाउँ ठाउँमा बसी हाते कलद्वारा कपडा सिइरहेको पनि देखें । सार्कीहरूले पुरानो जुत्ता मरम्मत गरिरहेको पनि देखें । हाट बजारको एक स्थाई घरमा भिडियो पनि देखाउँदो रहेछ । खान पानको निमित्त चिया पसल आदिहरू पनि रहेछन् ।

त्यहाँ एकजना शेर्पाले बर्षौं देखि नेपाली कागज पनि बनाउँदै आएका रहेछन् । आफ्नै बुद्धि र अक्कलद्वारा जेनेरेटर चलाई पावर निकाली केही कल-पूर्जाहरू बनाई घरेलु उद्योग सञ्चालन गरिरहेको देख्दा मलाई सारै खुशी र अचम्म पनि लाग्यो । किन कि यस ठाउँमा बुद्धि खेलाउन सक्ने मानिसहरू पनि रहेछन् । तर कागजी प्रमाण-पत्र नभएका त्यसतालाई कसले प्रोत्साहन दिन्छ र ! यही कमी मात्र मैले देखें । अहिले सल्लेरी बजारमा श्री ५ को सरकार र स्वीस सरकार-को प्रयासद्वारा केही महीना यतादेखि बिजुली आएको रहेछ । स्वीस सरकारको प्रविधि अनुसार त्यहाँको वायरिङ्गको तरिका पनि राम्रै लाग्यो । जति पावर चाहिन्छ भनी बत्ती लियो त्यो भन्दा बढ्ता जानासाथ त्यस घरको बत्ती आपसेआप निभ्दो रहेछ । पछि १० रुपैंया जरिवाना तिरेपछि फेरि बत्ती बाल्न दिने व्यवस्था छ भन्ने कुरा पनि उपभोक्ताहरूद्वारा सुनें । त्यहाँ

Downloaded from http://dhamma.digital

बिजुली आएपछि कुनै जापानी एकजनाको सल्लाह लिई केही आधुनिकीकरण पनि गरिएको रहेछ। अघि कागज सुकाउनको निमित्त सूर्य र आगोको ताप नभइ नहुने ठाउँमा अहिले कागज सुकाउनको निमित्त तातो हावा आउने मेसिन पनि तयार पारिएको रहेछ। यो मेसिन पनि आफ्नै बौद्धिक उपज रहेछ। यसलाई पाटन औद्योगिक क्षेत्रमा बनाउन लगाइएको रहेछ । कहिलेकाहिं बिजुलीको पावर नभएको बेलामा जेनेरेटर समेत चलाई काम चलाउँदा रहेछन् । बजार लाग्ने दिनमा धान कुट्ने, गहुँ पिधने, आदि काम पनि गरिंदो रहेछ । त्यस फ्याक्टरीको मालिकको नाम छेपाल् दोर्जी शेर्पा रहेछ । वहाँले पछि हामीलाई उहीं नजिकैको आफ्नो घरमा बोलाई लैजानु भयो र चियापानद्वारा स्वागत गर्नु भयो । वहाँको सफा सुग्घर पूजाकोठी अति राम्रो लाग्यो, । राजा रानीको तस्बीर त गरीबसे गरीब शेर्पाको घरमा पनि हुँदो रहेछ। अर्थात् म जहाँ जहाँ गएं त्यहाँ त्यहाँ देखें।

कुरै कुरामा एउटी शेर्पीनीले स्वीस पुरुषसंग बिहे गरेको र एक शेर्पाले एउटी मगर्नीसँग बिहे गरेको कुरा पनि जानें सुनें। सल्लेरी हाइ स्कूलको प्रधानाध्यापककी श्रीमती पढिलेखेकी दार्जीलिङ्गकी रहिछन् । उनी शेर्पा भाषा त्यतिसारो बुझ्न सक्तिरहिनछिन् ।

हाटबजार हेरिसकेपछि हामी युवक संघका अध्यक्ष श्री

Downloaded from http://dhamma.digital

आङ्ग डावाङ् शेर्पाको घरमा गयौं । त्यहाँ दिवाभोजन गर्‍यौं । त्यसपछि वहाँहरूको मंगलकामना गरी सूत्र पाठ गरी आफ्नो डेरामा फर्क्यौं । डेरामा दुइचार जना पञ्चायतका सदस्य-हरूसंग र बजारका एक दुइजना शेर्पाहरूसँग भेट भयो । वहाँहरूसँग वैशाख पूर्णिमा बुद्ध जयन्तीको दिन के कसो गर्ने भन्ने बारे छलफल भयो । सल्लेरी गाउँ पञ्चायतका प्रधानपंच श्री अंदामि शेर्पासँग पनि छलफल भयो । कुराको शिलसिलामा वहाँले तपाइँको "बुद्धकालीन" पुस्तकहरू मसँग २० वटा जति छन् भन्नु भयो ।

आज वैशाखको १६ गते, वैशाख पूर्णिमा । आजकै दिन-मा अर्थात् २६१२ वर्ष अघि शाक्यमुनि गौतम बुद्धको जन्म हाम्रै नेपाल अधिराज्यको कपिलवस्तु राज्यको लुम्बिनी शालोद्यानमा भएको थियो । आजकल नेपालको पश्चिम भागको लुम्बिनी अञ्चल भित्र पर्छ । आज पनि भगवान् बुद्ध-को त्यस जन्मस्थानलाई लुम्बिनी नै भन्दछन् । बुद्ध जन्मस्थलको विकाशको निमित्त श्री ५ महाराजाधिराज सरकारको आंकाक्षा अनुसार लुम्बिनी विकासको निमित्त श्री ५ अधिराज-कुमार ज्ञानेन्द्र बीर बिक्रम शाहदेवको अध्यक्षतामा लुम्बिनी कोष पनि खडा गरिबक्सेको छ । त्यहाँ सम्राट् अशोकले गाडि राखेको अशोक स्तम्भ पनि छ । त्यस स्तम्भमा अशोकले "यहीं गौतम बुद्धको जन्म भएको थियो" भनी लेखिएको अशोक लिपि अझै पनि छँदै छ । त्यसपछि गौतम बुद्ध हुने महापुरुष, सूर्य-

Downloaded from http://dhamma.digital

बंशीय क्षत्री कुलका शुद्धोदन महाराजाका सुपुत्र, नेपालका महा पुरुष सिद्धार्थकुमार २९ वर्षको उमेरमा एउटा छोरा पाइसके- पछि मानव कल्याणको निमित्त राजपाट त्यागी त्यसबखतको उरुबेल भन्ने जङ्गलमा ६ वर्षसम्म तपस्या गरी ३५ वर्षको उमेरमा बुद्ध गयाको एक पीपलको रूखमनि वहाँले बुद्धत्व ज्ञान प्राप्त गर्नु भयो । हाल ती स्थानहरू भारतको बिहार राज्यको गया जिल्लामा पर्दछ । जुन रूखमुनि बसेर वहाँले बुद्ध-ज्ञान प्राप्त गर्नुभयो त्यो पीपलको रूखलाई त्यसै समयदेखि "बोधि- बृक्ष" भन्न थालिएको हो ।

बुद्ध भइसक्नु भएपछि वहाँले त्यसबखत जम्बुद्वीप भनिने आजकालको भारत र नेपालको कुना काप्चा, गाउँ गाउँ र नगर नगरमा घुमफिर गरी प्राप्त गर्नु भएको सत्य ज्ञानलाई ४५ वर्षसम्म प्रचार गर्नुभयो । बुद्धले स्वयं आफ्नै प्रयास र खोजबाट प्राप्त गरिएको बुद्धको चतुरार्यसत्य धर्मलाई नै "बुद्ध धर्म" भनिएको हो । यो धर्म वहाँले कसैसंग सिकेर लिनु भएको धर्म होइन । न कसैको शास्त्रबाट सापट नै लिनु भएको धर्म हो । यो बुद्धधर्म गौतम बुद्धको आफ्नै मौलिक देन हो ।

बुद्धले जातिपातलाई मान्नु हुन्न । कुनै प्राणी जन्मदेखि ठूला र स्याना हुन्नन् । आ-आफ्नो कर्मले नै ठूला र स्याना बनेका हुन् भनी वहाँ भन्नुहुन्छ । कर्म- द्वारा नै चण्डाल कहलाइन्छ र कर्मद्वारा नै ब्राह्मण कहलाइन्छ ।

Downloaded from http://dhamma.digital

जन्मले न ब्राह्मण हुइन्छ न शूद्र नै । आफ्नो जीवन स्वच्छ शुद्ध हुने आचरण गरेमा मात्र शुद्ध हुन सकिन्छ । धोता त के मलाई ढोग्दा पनि शुद्ध हुइन्न, मोक्ष पाउन सकिन्न । जन्म मरणको चक्रबाट मुक्ति पाउनको लागि मैले पालन गरेको जस्तो पञ्चशीलदेखि लिएर महान शीलसदाचार पालन गरी ध्यान प्राप्त गर्न सकेमात्र मुक्ति हुन सकिन्छ सिवाय कुनै महापुरुषलाई ढोग्दैमा पूजा गर्दैमा मुक्ति पाउन सकिदैन । अतः भगवान् बुद्धले शीलसदाचार पालन गर्नुमा नै प्रथमतः जोड दिनु भएको छ । अरू अरू धर्मगुरुहरूले जस्तै वहाँले कदाचित मेरो सेवा गरेमा अथवा मलाई खुशी पारेमा तिमीहरूको कल्याण वा मोक्ष हुन्छ भनी भन्नु हुन्न । बरू वहाँ यस्तो भन्नु हुन्छ कि– मैले भनेको भन्दैमा आँखा चिम्लेर विश्वास नगर्नू । बरू मैले भनेको कुरा सत्य, तथ्य, अविपरीत छ कि छैन भनी केलाएर हेर्नू । अनिमात्र विश्वास गर्नू । यस किसिमबाट ४५ वर्षसम्म अनवरत रूपले धर्मप्रचारद्वारा बहुजन हिताय र बहुजन सुखायको पुनीत कार्य समाप्त गरी ८० वर्षको उमेरमा वहाँ त्यसबेलाको कुशीनगरको मल्ल राज्यको शालोद्यानमा महापरिनिर्वाण हुनु भयो । अर्थात देहत्याग गर्नुभयो । उक्त ठाउँ हालको भारतको उत्तर प्रदेशको तहशिल डेवरिया जिल्लामा पर्छ । आज पनि त्यस ठाउँलाई कुशीनगर नै भन्दछन् । त्यस महापरिनिर्वाणदेखि बौद्धहरूले बुद्ध परिनिर्वाण भवको १ वर्ष भयो २ वर्ष भयो आदि प्रकारले गिन्ति गर्ने चलन अनुसार आज

Downloaded from http://dhamma.digital

वहाँ महापरिनिर्वाण हुनु भएको २५३२ वर्ष पुग्यो । त्यसैले बुद्धवर्ष २५३२ भनिएको हो । यही वैशाख पूर्णिमाकै दिन वहाँको जन्म, बुद्धत्व लाभ अनि महापरिनिर्वाण समेत भएको तीन तीन वटा घटनाहरूले संयुक्त भएको हुनाले हाम्रो नेपालमा मात्र यहाँको व्यवहार अनुसार बुद्ध जयन्ती भन्ने चलन भएको हो । विश्वका अन्य बौद्ध जगतमा चाहिं "वैशाख पूर्णिमाको महोत्सव" भन्ने चलन छ । अतः हामी नेपालीहरूको निमित्त पनि वैशाख पूर्णिमाको बुद्धजयन्ती महोत्सव महत्वपूर्ण महोत्सव हुन आएको छ । यसै महत्वलाई बुझी बक्सी स्वर्गीय श्री ५ त्रिभुवन सरकारबाट यो दिनलाई अधिराज्यभर सार्वजनिक छुट्टीको घोषणा काठमाडौं उपत्यका स्वयम्भू भनि भुइंखेलमा वैशाख पूर्णिमाको सभाको दिन ई. सं. १९५२ (वि. सं. २००९) मा घोषणा गरिबक्सेको हो । अतः यस पुनीत ऐतिहासिक दिनको महोत्सव मनाउनको निमित्त यस दुर्गम क्षेत्रको मनोरम्य सोलुखुम्बू जिल्लाको सदरमुकाम सल्लेरीमा आउन पाउंदा मलाई, एक बौद्ध भिक्षुको नाताले, सारै हर्ष लागेको छ ।

साथी थुप्तेन लामाज्यूले सूचित गर्नु भए अनुसार स्थानीय शर्पा बौद्ध दाजुभाइहरूको आयोजना अनुसार आज सल्लेरीको पञ्चायत भवनमा एक सार्वजनिक सभा हुने भएको रहेछ । अतः चाँडैनै दिवाभोज गरी करीब दिउसोको ११ बजेतिर नै म जिल्ला पञ्चायत भवन जानको निमित्त डेराबाट

Downloaded from http://dhamma.digital

निस्कें । विस्तार विस्तारै साँढे ११ बजेतिर पञ्चायत भवनमा पुगें होला । बजारबाट उँभोतिर गइरहेको बेलामा बजारका ५।६ बटा घरहरूको झ्यालमा बुद्धको तस्बीर र बौद्ध झण्डा फरफराइ रहेको देखें । पञ्चायत भवनको सभाकक्ष निक्कै ठूलो थियो । मुख्य टेबुलमा शाक्यमुनि गौतम बुद्धको तस्बीर र श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको र श्री ५ बडामहारानी [redacted] सरकारहरूका तस्बीरहरू सजाइ राखेको थियो ।

सोलुखुम्बू जिल्ला पञ्चायतका सभापति श्री आङ्ग बाबुको सभापतित्वमा सभा शुरू भयो । सर्वप्रथम जिल्ला सभापतिले बुद्धको तस्बीरमा र श्री ५ सरकारहरूको तस्बीर-हरूमा भक्तिपूर्वक खाताक् चढाए । त्यसपछि टाढा टाढाबाट आइरहनु भएका प्रमुख लामाज्यूहरूले बुद्धको स्तोत्र पाठ गर्नु भयो । अनि थुप्तेन लामाज्यूले सभासद्लाई छोटकरीमा मेरो परिचय दिनु भयो । सभामा जिल्ला न्यायाधीश लगायत सदर-मुकामका सबै जसो प्रमुख अधिकारीज्यूहरू र अन्य कर्मचारी-हरू पनि उपस्थित थिए । भू. पू. मन्त्री श्री छिरिङ्ग तेन्जिङ्ग लामा सहित बजारका गण्यमान्य तथा महिला पुरुषहरू धेरै उपस्थित थिए । लामाहरू पनि धेरै थिए ।

मुख्य अतिथिको आसनबाट बोल्दै मैले सर्वप्रथम यस दुर्गम क्षेत्र सोलुखुम्बू जिल्लाको सदरमुकाम सल्लेरीमा

Downloaded from http://dhamma.digital

आउँन पाउँदा आफूलाई सारै खुशी लागेको कुरा प्रकट गरे। अनि विशेष गरी भगवान् बुद्धको बहुजन हिताय र बहुजन सुखायको बारे प्रकाश पार्दै बुद्धको जीवनी सम्बन्धी कुरा सुनाएँ। भगवान् गौतम बुद्ध हाम्रै नेपाल अधिराज्यको लुम्बिनी अंचलको लुम्बिनी वनको शालोदद्यानमा जन्मिनु भएकोले हामी समस्त नेपाली गर्वान्वित हुन पाएका छौं। विश्वभरिमा आज शान्तिको चर्चा मात्र भएको होइन अपितु यसको लागि ठूल-ठूला राष्ट्रहरूको बीचमा समेत शान्तिको वार्ता चलिरहेको छ। शस्त्रअस्त्रको होडबाजीको कारणले गर्दा मानिसहरूमा हाहाकार मच्चिएको छ र सबै संत्रस्त छन्। यसैले आज विश्वलाई शान्तिको अति खाँचो भएको छ। यसैकारण पनि आज विश्वमा शान्ति नायक गौतम बुद्धको शान्तिवाद धर्मको महत्व झन् बढ्दै गएको छ। यस्तै कुरालाई मनन गरिबक्सी हाम्रा प्यारा श्री ५ महाराजाधिराज सरकारबाट नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस भन्ने प्रस्ताव विश्वको सामु राखिबक्सेको हो। शान्ति बिना देशको चौतर्फी विकाश सम्भव छैन। अहिलेसम्म मौसूफ सरकारको शान्ति प्रस्ताव-लाई ८७ भन्दा बढी मुलुकहरूले समर्थन गरिसकेका छन् (हाल ९५ नब्बे पुगिसकेको छ)। यो हाम्रो लागि ठूलो उपलब्धीको कुरा हो। तपाईं पञ्च महानुभावहरू पञ्चायत व्यवस्था प्रति अटल श्रद्धा र भक्ति राखी यस्तो दुर्गम क्षेत्रमा सेवारत भई देशको चौतर्फी विकासको निमित्त योगदान

Downloaded from http://dhamma.digital

गर्दै हुनुहुन्छ। गाउँ गाउँ र जिल्ला जिल्लाको विकाश नभए-सम्म सर्वांगिण रूपले देश विकाश भएको छ भनी भन्न सकिन्न। अतः देश विकाशको काममा गाउँ जिल्लाको विकाश नितान्त आवश्यक छ। यस्तो काममा तपाईंहरू दत्तचित्त भई यस्तो दुर्गम क्षेत्रमा आई सेवा गर्नु पनि ठूलो धर्म हो। तपाईंहरूको यस देनबाट श्री ५ महाराजाधिराज सरकारको सदिच्छा पूरा गर्नमा ठूलो मद्दत मिल्ने छ र तपाईंहरू सबै धन्यवादका पात्र हुनु भएको छ। यस्तो दुर्गम क्षेत्रमा आई जुन सेवा तपाईंहरू गर्दै हुनुहुन्छ त्यो सारै प्रशंसनीय छ। त्यसैले हामीहरूले धोता ढोग्ने वा मन्दिरमा गई पूजा-आजा गर्नु लाई मात्र धर्म नसम्झी मानव कल्याण हुने र देश विकाश हुने, तथा मानिसहरूको जीवनस्तर उकास्ने काममा दिनहुँ निष्ठापूर्वक दत्तचित्त भई जनताको भलाइ हुने काममा समर्पित हुनु नै ठूलो धर्म हो भनी सम्झनु परेको छ। सदाचार विना जीवन सुधार्नु गाह्रो पर्छ। सदाचार गर्नाले नै आत्मशक्ति बलियो भएर आउँछ। त्याग, तपस्या र बलिदान विना देशको विकाश गर्न सकिन्न। जे जति यस दुर्गम क्षेत्रको विकाश तपाईं पञ्चहरूले गर्नु भएको छ त्यो अति सराहनीय छ। अझ यसभन्दा बढी विकाश कार्यमा तपाईं-हरू लाग्नु हुने छ भन्ने मैले विश्वास लिएको छु भन्दै सबैलाई धन्यवाद दिंदै आफ्नो भाषण समाप्त गरें।

जिल्ला पञ्चायतका सभापतिले सभासद्लाई धन्यवाद ज्ञापन गरी सकेपछि सल्लेरी गाउँ पञ्चायतका प्रधानपञ्च श्री

Downloaded from http://dhamma.digital

अंदामी शेर्पाले सामूहिक रूपले "बुद्धं सरणं गच्छामि, धम्मं सरणं गच्छामि, संघं सरणं गच्छामि" भनी प्रार्थना गराई सभाको कार्य सुसम्पन्न गर्नु भएको थियो। सल्लेरीमा बैशाख पूर्णिमाको दिन सार्वजनिक रूपले बुद्धजयन्ती महोत्सव मनाइए-को यही सर्वप्रथम हो।

आज वैशाख २० गते। आजको निमित्त प्रवचन गर्नको लागि सल्लेरी गाउँ पञ्चायतको पहाडको चुचुरोमा स्थित वडा नं. ८का, झ्याल्सा गुम्बाका प्रमुख लामाबाबुले निमन्त्रणा पठाउनु भएको थियो। जलपान सिद्धिन लाग्दा वहाँले पठाउनु भएको घोडा लिएर आउने एकजना लामा पनि आइपुगे भन्ने खबर पाएँ। अनि घोडामा चढी हामी उकालो चढ्दै गयौं र करीब ११ बजेतिर झ्याल्सा गुम्बामा पुग्यौं। बाटामा उभिइरहेका लामा तथा अन्य स्त्री पुरुषहरूले खाता चढाई स्वागत गरे।

दिवाभोजन पछि प्रवचनको कार्यक्रम थियो। सल्लेरी बजारबाट पनि केही सरकारी प्रमुख अधिकारीहरू आएका थिए। फापलूबाट भू. पू. मन्त्री श्री आङ्ग दाण्डी लामा पनि आउनु भएको रहेछ। जिल्ला पञ्चायतका उपसभापति श्री दोर्जी शेर्पा पनि आउनु भएको रहेछ। प्रवचनको व्यवस्था गुम्बाको अगाडिपट्टिको आँगनमा मिलाइएको थियो। त्यहाँ बौद्ध झण्डा फहराई टेबलमा बुद्धको र श्री ५ महाराजधिराज र श्री ५ बडामहारानी सरकारहरूको तस्बीर राखी सजाइएको

Downloaded from http://dhamma.digital

थियो। तर अभाग्यवश त्यसैबेला पानी पर्न थाल्यो। अनि गुम्बामै प्रवचनको कार्यक्रम शुरू भयो। त्यस दिन त्यस गुम्बामा लामाज्यूहरूको पाँचदिने न्युङ्ने पूजाको समापन पनि रहेछ। प्रवचनको शुरूवात अनौपचारिक ढंगबाट भएको थियो। श्रोतागणहरूलाई बुद्धको जीवनी सम्बन्धी केही कुरा सुनाइ सकेपछि श्रोतागणहरूबाट अनेक प्रश्नहरू सोधिएका थिए। मैले त्यसको उत्तर दिएँ। कुराको शिलसिलामा भगवान् बुद्धले परिस्थिति र पात्र हेरी हेरी तदनुसार उपदेश गर्नु हुन्थ्यो भनी भनें। मैले के कुरा सुनाएँ भन्ने कुरा अहिले सबै सम्झना हुन सकेन। यति त मलाई सम्झना छ कि बुद्धको जीवन सम्बन्धी विशेष कुराहरू सुनाएँ। किनकि त्यता तिरका शेर्पा लामाज्यूहरूमा शाक्यमुनि गौतम बुद्धको जीवनीको बारेमा त्यतिसारो जानकारी रहेनछ भन्ने कुरा मैले थाहापाइ सकेको थिएँ। हुन सक्छ वहाँहरूले अध्ययन गर्ने तिब्बती भाषाको पुस्तकमा बुद्धजीवनी सम्बन्धी कुनै पुस्तक छैन होला। सभाको अन्त्यतिर त्यहाँ बसिरहनु भएका एकजना बूढा लामाले प्रश्न सोध्नु भयो– "होइन, बुद्धले आफ्नो शरीरको मासु काटेर बाघका बचचाहरूलाई खुवाए भन्दछन्। फेरि तपाइँले वहाँ कुशीनगरमा परिनिर्वाण हुनु भयो भनी भन्नु हुन्छ। यो कसो हो ?"

मैले वहाँलाई मैत्रीपूर्वक सम्झाउँदै यसो भनें– "बाघका बचचाहरूलाई मासु खुवाएको कुरा बुद्ध हुनु भन्दा अघिल्ला

Downloaded from http://dhamma.digital

जन्मका कुरा हुन् । त्यस बखत वहाँलाई बोधिसत्व महासत्व भनिन्थ्यो । कुशीनगरमा परिनिर्वाण भएको कुरा चाहिं वर्तमान जीवनको कुरा हो ।" यो सुनेर वहाँले "ए, त्यसो पो रहेछ । मलाई त थाहा नै थिएन," भनी भन्नु भयो । त्यसपछि उपस्थित सबैलाई शेर्पा लामाहरूको चलन अनुसार जलपानको रूपमा रोटी र चिया दिइएको थियो ।

सभाको कार्यक्रम सिद्धिएपछि मलाई गुम्बा भित्र लगी उच्च आसनमा बसाली त्यहाँ भेला भएका करीब ८।१० जना लामाहरूले पूजा पाठ गरे । वहाँहरूको पूजा-पाठ नसिद्धिउञ्जेलसम्म म उहीं नै बसिरहें । त्यहाँ एउटा स्यानो घटना देखेंर मलाई बडो आश्चर्य लाग्यो । त्यो के थियो भने गुम्बा प्रमुखको स्यानो छोरा कहिले त्यहाँ आउँछ कहिले उठेर जान्छ । तलतिरको आसनको पंक्तिमा एउटा मूल आसन खालि थियो । सो बालक मेरो विचारमा २।३ वर्षभन्दा बढीको होओइन होला । सो खालि आसनमा बसी देब्रे हातले घण्टी र दाहिने हातले डमरू लिई पाठको तालमा ठिक्क मिलाई घण्टी र डमरू बजाउँछ । यो देखेर बडो छक्क परें । पछि फेरि घण्टी र डमरू त्यही राखेर जान्छ । फेरि आएर बजाउँछ फेरि जान्छ . . । मेरो विचारमा त त्यो स्यानो बालकले घण्टी उचाल्नै सक्दैन जस्तो लाग्थ्यो । करीब ४।५ बजेतिर पूजा सिद्धियो । सबै लामाहरू गए । म पनि आफू बस्ने ठाउँमा आई एकछिन आराम लिएँ । पानी चाहिं परिरहेकै थियो ।

Downloaded from http://dhamma.digital

लामाहरूले रात्रीखाना खाइसकेपछि मलाई एक ग्लास कफी ल्याइदिए। त्यस बखत गुम्बाका प्रमुख लामाबाबुले मसंग करीब १ डेढ घण्टा जति धेरै धेरै सुख दुःखका कुरा पोखी भन्न थाले कि– के गरूँ म मूर्ख भएर अघि मैले मेरो बाबुको कुरा सुनिन। धर्मशास्त्र पढ भनी मलाई कति गालि गर्नु भयो। तर तरुण अवस्थामा मैले वहांको कुरालाई त्यतिसारो वास्ता गरिन। म यहां पञ्चायतको प्रधानपञ्च पनि भएँ। धेरै अपवाद र निन्दा पनि पाएँ। यस गुम्बामा शेर्पा लामा केटाहरूलाई धर्मशास्त्र पढाउने उद्देश्यले मैले ८।१० कोठाको दुइतले घर पनि बनाएँ। हेर्न नसक्नेले त्यसमा पनि मलाई चाहिंदो नचाहिंदो अनेक अफवाह फैलाए। अब त्यो केही कलंक छैन। अब मैले चेतें। अब मेरो बाबुको कुरा-लाई म झलझल सम्झन्छु। पढाइ लेखाई नभएको हुनाले अहिले म पछुताइरहेछु। अब मैले पञ्चायतलाई पनि त्यागें। अब जे गरेर भए पनि यहाँ शेर्पा लामा केटाहरूलाई पढाउने व्यवस्था गर्न चाहन्छु। पढाउने लामागुरू खोजेर ल्याउन छु। गुरू बस्ने ठाउंमा पनि शौचालय जोडेर बनाइएको रहेछ। सो दुइतले लामो नयाँ घर मैले पनि हेरें। हालसाल घरको काम सिद्धिएको रहेनछ। छाना हाली सकिएको रहेछ। भित्रको काम बाँकी नै देखें। हालसाल त्यहाँ २।३ जना ठिटा शेर्पा लामा-हरू पढ्दै रहेछन्। गुम्बाको जग्गा जमीन पनि निवर्क रहेछ। आफ्ना छोराहरूलाई पढाउन बाहिर पठाएका रहेछन्। गुम्बा-

Downloaded from http://dhamma.digital

को दाहिने पेटीमा एउटा चैत्य पनि रहेछ। पानी त पोलिथिन पाइपद्वारा ल्याइराखेकै छ। वहाँबाट र जिल्ला पञ्चायतका उपसभापतिबाट त्यहाँको र शेर्पाहरूको सम्बन्धमा धेरै कुरा सुन्ने मौका पाएँ। जो मेरो लागि ठूलो उपलब्धि थियो। रात उहीं गुम्बामा बिताएँ।

आज वैशाख २१ गते। बिहानदेखि पानी परिरहेकै थियो। आज सल्लेरी बजारको 'जनजागृति हाइस्कूल'मा दिनको २ बजेतिर प्रवचनको कार्यक्रम थियो। त्यसैले समयमै भोजन गरी हामी सल्लेरीको निमित्त घोडा चढेर निस्क्यौं। पानी बेसरी पर्न थाल्यो। वहाँहरूले मलाई वर्षादी ओढन दिनुभयो। घोडा डगोन्याउने एकजना मानिस पनि थियो। दुइजनाले मलाई दुइतिरबाट आड दिइरहेका थिए। बाटो नराम्रो थियो। त्यसमा पनि भिरालो र पानी परेकोले चिप्लो पनि थियो। जे होस्, बिस्तार बिस्तारै हामी ओर्लिहदै गयौं। बाटाका बीचमा एक अपठ्यारो बाटोमा घोडा दाहिने तिरबाट लड्यो। घोडा लड्ना साथ म घोडाको काठीको पाउदानबाट खुट्टा झिकी उठें। ढुङ्गा-सुङ्गा नभएको जमिन भएको हुनाले मलाई केही भएन। पछि घोडालाई उठाए। त्यसपछि घोडालाई स्कूलतिर पठाई अलि अलि गर्दै पेदलै ओर्लिहन थालें। "हामी आउँदैछौं" भन्ने खबर पठाउनको निमित्त घोडालाई अगाडि पठाइ दियौं। स्कूल पुग्नु भन्दा केहि छिन अघि घोडा फेरि लिएर आयो। यतिञ्जेल पानी पर्न पनि केही कम भइसकेको

Downloaded from http://dhamma.digital

थियो । बाटो पनि राम्रै थियो । अतः फेरि घोडामा चढी समयमै हाइस्कूलमा आइपुगें ।

हाइस्कूलको लामो सभाकक्षमा छात्र छात्रा, सरकारी अधिकारीहरू र बजारका केही गण्यमान्यहरूले खचाखच भरिएको थियो । माइक् फीट भइसकेपछि प्रवचनको कार्यक्रम शुरू भयो । थुप्तेन लामाज्यूले छोटकरीमा मेरो परिचय दिनु भयो । पछि मैले उपस्थित विद्यार्थीहरू लगायत सबैलाई सम्बोधन गर्दै सर्वप्रथम यस दुर्गम क्षेत्रको सदरमुकाम सल्लेरी-को यस 'जनजागृति हाइस्कूल'मा आउन पाउँदा आफूलाई सारै खुशी लागेको कुरा प्रकट गरें । त्यसपछि छात्रछात्राहरूले बुझ्न सक्ने तरिकाले भगवान् बुद्धको जीवनी सम्बन्धी केही कुरा एक कथाको रूपमा सुनाएं । त्यसपछि मैले विद्यार्थीहरू-सँग सोधें– "भाइ बहिनी हो ! अब भन कि त्यो महापुरुष जो लुम्बिनीमा जन्मेको थियो उनको नाम के हो ?" विद्यार्थीहरू सबैले "सिद्धार्थ कुमार" भनी एक स्वरले भने । त्यसपछि मैलें "स्याबास ! खुब राम्रो छ ! अब भन कि उनको बाबुको नाम के हो र उनी कहाँका हुन् ?" विद्यार्थीहरूले "उनको नाम शुद्धोदन हो र उनी कपिलवस्तुका हुन्" भनी भने । "आजकल कपिलवस्तु भन्ने देश कहाँ पर्छ त ?" "नेपालमै पर्छ ।" "कुन अञ्चलमा पर्छ त ?" "लुम्बिनी अञ्चलमा पर्छ ।" त्यसपछि मैले विद्यार्थीहरूसँग सोधें– "भाइ बहिनी हो ! अहिले तिमी-हरू हाइस्कूलमा पढदछौ । यस पछि तिमीहरू के बन्न चाहन्छौ

Downloaded from http://dhamma.digital

त ?" "हामी इन्जिनियर बन्न चाहन्छौं भनी कसैले भने भने कसैले पाइलेट बन्न चाहन्छौं" भनी उत्तर दिए । यो सुनेर मलाई सार्है खुशी लाग्यो । "कसलाई पाइलेट भन्दछन् त ?" "हवाइजहाज चलाउनेलाई पाइलेट भन्दछन् ।" अर्को एउटा प्रश्न मैले सोधें– "के तिमीहरू यस दुर्गम क्षेत्रलाई सधैं दुर्गम क्षेत्र नै बनाइराख्न चाहन्छौ ?" सबै विद्यार्थीहरूले चिच्याएर "चाहदैनौं, सुगम क्षेत्र बनाउन चाहन्छौं" भनी भने । पछि विद्यालयको पुस्तकालयको निमित्त मैले लेखेको "संक्षिप्त बुद्धजीवनी १० प्रति र केही प्रति आनन्द भूमि मासिक पत्रिका" स्कूलका हेडमाष्टर श्री दावा शेर्पालाई प्रदान गरें । सभा बिसर्जन गर्दै स्कूलका हेडमाष्टरले यस्तो दुर्गम क्षेत्रमा आई हामीले बुझ्ने गरी गौतम बुद्धको जीवनी र वहाँको धर्म बारे प्रकाश पारिदिनु भएकोमा स्कूलको तरफबाट तपाईंलाई धेरै धेरै धन्यवाद छ भनी भन्नु भएपछि सभा बिसर्जन भयो ।

हिजो क्यालसा गुम्बामा भेट हुँदा भू.पू. मन्त्री श्री आङ्ग दण्डी लामाको घरमा आजको रात वास बस्न निम्तो गरि राखेको हुनाले हामी त्यहाँबाट लामाज्यू कहाँ गयौं । म चाहिं घोडा चढेर नै गएं । वहाँको घर एयरपोर्टको बाटो माथितिर पर्दोरहेछ । हामीहरूको प्रतीक्षामा वहाँ बसिरहनु भएको रहेछ । घरमा पुग्ने बित्तिकै चियाद्वारा स्वागत गर्नु भयो । वहाँकी श्रीमतीले खाता चढाउनु भयो । केहिछिन कुशलवार्ता

Downloaded from http://dhamma.digital

गरिसकेपछि साथी थुप्तेन लामाले "हुन सके भोलि वैशाख २२ गतेको लागि सरकारी सीट पाउन सके बेश हुने थियो। नत्र हामीहरू जेष्ठ ६ गतेसम्म बस्नु पर्ने हुन्छ" भनी भने पछि वहाँले सोको लागि तुरुन्तै एक पत्र लेखी आर. एन्. ए. सी.को अफिसलाई पठाउनु भयो । केही छिन मै सो आफिसको कर्मचारी आई "एक सीट मात्र बाँकी छ । सो भिक्षुजीलाई मिलाइ दिने छु । अर्कोलाई चाहिं भोलि प्लेन आए पछि मात्र भन्न सकुंला । किन भने कहिले ठूलो त कहिले स्यानो ट्वीनओटर आउँछ" भनी भन्यो । अनि पछि थुप्तेनजीहरूले रात्री खाना खानु भयो र मैले एक ग्लास कफी पिएर आराम गरिहालें ।

आज वैशाख २२ गते । समयमै विहानको जलपान गरें । त्यसपछि एयरपोर्ट जानु भन्दा अघि वहाँहरूको मंगल कामना गर्दै परित्राण पाठ गरें । हामी सबै एयरपोर्टमा गयौं । फाप्लुमा एउटा प्राइमरी स्कूल र १५ खाटको एक अस्पताल पनि छ । मलाई बिदा गर्न हातमा खाता लिएर अस्पतालको डाक्टर श्री मिङ्गमार शेर्पा पनि आउनु भएको रहेछ । कुराको शिलसिलामा मैले वहाँसँग "यहाँ कस्ता रोगीहरू धेरै पाउनु हुन्छ ?" भनी सोध्दा वहाँले भन्नु भयो "ट्युवरकुलोसिस धेरै पाउँछौं" भनी भन्नु भयो । मैले आश्चर्य मानी भने– "यस्तो स्वच्छ सुन्दर हावापानी भएको ठाउंमा पनि कसरी त्यस्तो रोग लागेको हो त ?" जवाफमा "धेरै जसो भारतमा

Downloaded from http://dhamma.digital

गई आएकाहरू भएका हुनाले" भनी भन्नुभयो । अस्पतालमा १५ खाट छन् । जहिले पनि भरिभराऊ छ पनि भन्नु भयो । यतिञ्जेल हवाइजहाज पनि आइपुग्यो । शौभाग्यवश ठूलो खालको ट्वीनओटर आएको हुनाले साथी थुप्तेन लामाज्यूले पनि सीट पाउनु भयो र हामी दुबै जना वैशाख २२ गते काठमाडौं फर्केर आयौं ।

काठमाडौं पुगी आफ्नो कुटीमा आइपुगिसकेपछि मलाई थकाइ लाग्न थाल्यो । तपाईंहरूले शायद विश्वास गर्न सक्नु हुन्न होला । दिनमा कहिल्यै लेटेर नसुत्ने म त्यसदिन देखि पूरा १४।१५ दिनसम्म जुनसुकै बेला पनि सुत्न मात्र मन लागि रहेकाले सुति मात्र रहें । बसिरहँदा टाउको हल्लि रहन्छ र जिऊ थरथर काँप्थ्यो । रिङ्गटा पनि लाग्थ्यो । पछि त डाक्टर बोलाएर जाँच गराउने पर्‍यो । धेरै किसिमका औषधीहरू लेखिदियो ।

मेरो यात्राको संस्मरण अहिलेलाई यत्तिनै हो । यसमा मलाई अनुभव भएको, मैले सुनेको, सुनाएको, देखेको तथा सम्झना भएको कुरा निकै संक्षिप्त रूपमा अंकित गरेको छु ।

X X X

केही टिप्पणी:-

त्यस भेगमा अघिभन्दा अहिले धेरै उन्नति र विकास भएको रहेछ । दुर्गम क्षेत्रको लागि जति रकम छुट्याइएकी छ अथवा धेरै रकम छुट्याइएको भएतापनि त्यति रकम त्यहाँ

Downloaded from http://dhamma.digital

खर्च हुन सकेको रहेन छ। विकाशको कार्यमा फलानालाई यति प्रतिशत फलानालाई यति प्रतिशत भनी भेटी लिने दिने वस्तुर पनि कतै कतै रहेछ। त्यहाँका मानिसहरूले एड्मण्ड हिलारीको नाम निक्कै लिन्छन्। पञ्चायत व्यवस्था प्रति मानिसहरूको अटल श्रद्धा र पूर्ण आस्था रहेछ। तर यदाकदा 'माथिबाट आएको निर्देशन' भन्ने कारणले गर्दा कहिलेकाहिं जनताले चाहेको व्यक्तिलाई रोज्नु बाट पनि वञ्चित हुनु पर्दो रहेछ। लामाहरू र गुम्बाहरूको जीर्णोद्वार पट्टि त पटक्कै कसैबाट पनि न्यायोचित ध्यान दिएको रहेन छ। बरू लामाहरूलाई पनि पञ्चायत राजनीतिमा घचेट्न खोज्दा रहेछन्। उनीहरू-लाई पञ्चायती राजनीतिमा मुछ्दा रहेछन्। मेरो भ्रमणको मुख्य उद्देश्य केही वर्ष अघि 'अखिल नेपाल भिक्षु महा संघ' ले 'प्रत्येक वर्ष भिक्षुहरू पहाड पहाडतिर पनि धर्मप्रचारको निमित्त जानु पर्छ' भन्ने पारित प्रस्ताको कार्यान्वयन गर्ने, वैशाख पूर्णिमाको महोत्सव मनाउने, त्यस भेगका बौद्धहरूसंग चिना-जानी गर्ने र आफ्नै मुलुक, विशेष गरी पहाडतिर घुम्ने आफूमा भएको बलवत् इच्छा पूरा गर्नु पनि हो।

---

Downloaded from http://dhamma.digital

# पुस्तक पाइने ठाउँ-

१. आनन्द कुटी विहार
स्वयम्भू, काठमाडौं ।
फो. नं. २२४४२०

२. संघाराम भिक्षु तालिम केन्द्र
लुती, ढल्को, शोभा भगवती अगाडी,
काठमाडौं ।
फो. नं. २१५०२०

३. बुद्ध विहार
बाल्मिकी संस्कृत क्याम्पस पछाडी,
भृकुटीमण्डप, काठमाडौं ।
फो. नं. २२६७४३

४. धार्मिक पुस्तक केन्द्र
खिचापोखरी, काठमाडौं ।

५. हेराकाजी सुजिका
नागबहाल, पाटन ।

६. लक्की स्टोर्स
भैरब टोल,
पोखरा ।

——

Downloaded from http://dhamma.digital